Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तस्मात् चरैवेति

श्रीकृष्ण गौतम

0·8
23C त

…पाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तस्मात् चरैवेति

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
बाट
उपहार

श्रीकृष्ण गौतम

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रकाशकः

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं,

नेपाल ।

प्रथम संस्करण : विक्रम संवत् २०४५

मुद्रकः

आवर्त प्रेस,

लगन–दलाछी, काठमाडौं ।

Digitization by Hindu-Heritage-Foundation of America: HHFA(USA)

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

संरक्षक

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

स्वर्गीय श्री ५ महेन्द्रबाट २०१४ साल आषाढ ९ गतेका दिन नेपाली साहित्य, कला र संस्कृतिको संरक्षण र संवर्द्धनको निम्ति प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिबक्सेको हो।

२०३१ साल वैशाख १ गतेका दिन राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको कृपापूर्ण संरक्षकत्व प्राप्त गरी नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान विज्ञानका क्षेत्रमा युगानुकूल विकास गर्ने सौभाग्य पाएको छ।

नेपालको कला र संस्कृतिको गौरवमय इतिहास अत्यन्त प्राचीन, विशाल र आफ्नै किसिमको छ। आज राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको वात्सल्यपूर्ण नेतृत्वमा जसरी बौद्धिक, आध्यात्मिक, आर्थिक र औद्योगिक विकासको ढोका उघ्रन खोजेको छ उसरी सिर्जनात्मक उपासनामा लागेका हाम्रा प्रतिभाशाली लेखक, कवि, कलाकार र विद्वान्हरूले पनि आफ्नो देशको कला, साहित्य र संस्कृतिको गौरवमय इतिहासलाई संसारसमक्ष परिचय गराउन सक्ने खालका कृतिहरू सिर्जना गरी आफ्ना-आफ्ना क्षेत्रमा महत्वपूर्ण योगदान गर्नेछन् भन्ने हामीलाई लागेको छ।

राष्ट्रको गौरव बढाउने र नेपालको सौरभ फिँजाउने जस्ता महत्वपूर्ण कार्यमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले सबैबाट सहयोग पाउनेछ भन्ने आशा गर्दछौं।

लैनसिंह बाङ्देल

१ वैशाख, २०३६

कुलपति

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रकाशकीय

नेपाल तीर्थयात्रा गर्नेहरूको निति पवित्रताको देश त हुँदै हो, यसको साथै प्राकृतिक यात्रा गर्नेहरूको निति विविध विचित्रताको देश पनि हो । यहाँ थला-थलामा दृश्य बदलिन्छन् र एकै भेकमा अनेक लोकको दर्शन हुन्छ । जहाँ दुइ पर्वतको अन्तरालमा केही छैनजस्तो लाग्छ- त्यहाँ अकस्मात् आफैमा परिपूर्ण अलकापुरी उध्रन्छ । योटै खोला नौ शय ठाउँमा तर्दै जानु र योटै पर्वत-श्रेणी छन् पर गयो छन् पर सर्दै जानुमा हामी आफै हराउँदै र आफै प्रकट हुँदै जान्छौं । यहाँ प्रकृतिको आदिम उल्लास छ- जसले अकस्मात् खतरामा पार्छ र त्यसलाई पार गर्नुमा अपूर्व आनन्द दिन्छ । यहाँ यस्ता एकान्त छन्—जहाँ शेष संसारलाई भुलेर यहीं बसिरहूँजस्तो लाग्छ । यहाँ उत्तुंग पर्वत र लहरै हिमालले क्षितिजलाई यति पर सार्छन् कि संपूर्ण धर्ती नै यत्ति हो जस्तो लाग्छ । यहांका फूलैफूलले भरिएका अधित्यकामा ब्रह्मानन्दको अनुभव हुन्छ । यहांका वनबालाको गीत सुन्दा यतिले पुगेन फेरि यहीं जन्म लिऊँजस्तो लाग्छ । यहांकी पार्वतीलाई देख्ता त्यो पुरान गीत फेरि गाऊँजस्तो लाग्छ—

पादाक्रान्तपानतमुवं किरीटोल्लिखिताम्बराम्

: पाउले टेक्ता पाखा कोल्साइरहेकी र किरीटले आकाश उज्ज्वल पारिरहेकी तिनलाई देख्यो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
यहाँ योटा विराट् मूर्ति जति हेर्‍यो, त्यति सुन्दर लाग्छ र जति हेर्‍यो त्यति नै हेर्न शेषजस्तो लाग्छ । योटा पहाडमा चढेर हेर्दा अर्को चुली चढ्न मन लाग्छ । यहाँ प्रत्येक स्थलमा पुग्दा नयाँ प्राप्तिको अनौठा अनुभूति हुन्छ र यात्राको सार्थकताले गर्दा भन्न मन लाग्छ-- तस्मात् चरैवेति: तसर्थ हिँडिरहू, हिँडिरहू । ऐतरेय ब्राह्मणका ऋषिले कुनै अनादि युगमा गाएको यो मन्त्र सन्चरणशील आर्यले वारम्वार गाए र आजको युगमा पनि उन्नतितिर यात्रा गर्न चाहने प्रत्येक [illegible]को निंति उत्तिकै प्रेरणाप्रद छ ।

तस्मात् चरैवेति नामक यस यात्रा वर्णनात्मक निबन्ध-संकलनका लेखक श्रीकृष्ण गौतम लोकजीवनमा घुलमिल हुन र नेपाली लोक-संस्कृतिको अध्ययन गर्न औधि नै मन पराउनुहुन्छ । यस पुस्तकमा उहाँको भाषाशैली पनि लोकका घतलाग्दा सूक्तिलाई आत्मसात् गर्ने र यात्रीको यात्राजस्तै प्रवाहमय पनि छ । देशान्तरका भाषाको शैलीतिर ढल्केर लेखिने नेपाली गद्य–शैलीलाई "हाँसको चाल न कौवाको पार" भन्न सकिन्छ भने, आफ्नै लोकशैलीसित रत्तिने गद्य–शैलीलाई अरूले गाएको र सानुको बाबुले सुसेलेछैं भन्ने सूक्तिसंग तुलना गर्न सकिन्छ । यस्तो शैली केवल भाषा नभएर दिलदेखि लहरिने भावको लीला पनि हो । यस यात्रावर्णनका विषय पनि बहुतै रोचक छन् र पढ्दा पढ्दै यस्तो लाग्छ–यसलाई लेखकले अलि विस्तारले लेखिदिएको भए हुन्थ्यो । यसले देशदर्शनको निंति उत्सुकता जगाउनेछ र आफ्नै साहित्यतिर तीर्थयात्रा गर्न र आफ्नै पनको परिचय प्राप्त गर्न पनि प्रेरणा दिनेछ । यिनै शब्दको साथ श्रीकृष्ण गौतमप्रति प्रज्ञा-प्रतिष्ठानको तर्फबाट बधाइ ज्ञापन गर्न चाहन्छु ।

माधवप्रसाद घिमिरे
उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

११–६–०४५

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

अनुक्रम

अल्छी फेरि तम्सन्छ / १
सजिला बाटा खोइ र ! / ५
व्यासीका पाहुना / ९
सत्ते सत्ते सातो जान्छ / १२
पुग्न खोजेको हो तर . . . / १५
ताकलाकोटबजार / १७
गच्छन् पिपीलिको याति / २०
कुसाइतको हिंडाइ / २३
असूर्यंपश्या राजदाराः / २९
साहेब, कहाँ, कोसित बस्नुभयो कुन्नि ? / ३४
कस्ता-कस्ता साथी / ३६
स्वयंपाकी धेरै बाठा / ३९
डोटीको मनकामना भगवती / ४४
कच्चा सल्लाहले गर्दा / ५१
के निहुँ पाऊँ मनकामना जाऊँ / ५८

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

अल्छी फेरि तम्सन्छ

कर्णाली अञ्चलबारे मेरो मनमा संशय र कौतुकमिश्रित भय थियो । कर्तव्यपालनको सिलसिलामा एक दिन त्यसै अञ्चलको विकटतम जिल्ला हुम्लामा पुग्नुपर्ला भन्ने त चिताएको पनि थिइनँ । तर त्यसै दुःख-भोगाइको आँसुपुछौनीको रूपमा हिन्दूहरूको पवित्रतम र दुर्गमतम तीर्थ मानसरोवर जान पाउने हुँदा मनमा पाकिरहने गुनासा केही कम त निश्चय भए ।

आफ्नी जहान इन्दु, साथीवत्– स्था. वि. अ. श्री रामचन्द्र भट्टराईज्यू, भरिया–तरिया र खरिदार मीनप्रसाद अधिकारीलाई साथ लिएर काङ रिम्पोछे (मानसरोवरको भोटे नाम) तर्फ पाइला चाल्यौं । मिति २०४१ साउन ३१ गते ।

पाण्डवहरू यही बाटो भएर कैलाशतर्फ हिंडेका हुन् रे ! बाटामा द्रौपदी, सहदेव, नकुल, अर्जुन र भीमसेन लड्दै गए र युधिष्ठरमात्र (सँग लागेको कुकुरसाथ) सशरीर कैलाश पुगे । यो बाटो अझै पनि त्यत्तिकै विकट छ । रजतपुर –(बर्दिया)– बाट हिंड्ने हो भने अझै पनि सिमिकोट आइपुग्न २२–२३ दिन लाग्छ, पन्ध्र-सोह्र सय रुपियाँ भिन्दै । यसै कारण नेपालगन्जमा महीनौं पर्खनुपरे पनि वा बीचको अवधिमा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

[illegible] साताँमा दुइपटक हुने नेपाल-गन्ज सिमिकोट-उडान पर्खन सजिलो ठान्दछ ।

मानसरोवर जान चाहनेले खानपीन, ओढ्ने-बिछ्याउने र ओखतीमूलोको प्रबन्ध नेपालगन्जबाटै मिलाई हिँड्नुपर्छ । नेपाली नागरिकलाई जिल्ला-कार्यालय (हुम्ला) ले परिचयपत्र दिन्छ । स्थानीय जनता- (हुम्लाका बासिन्दा)- ले त्यसै जान पाउँछन् । जिम्मेदारीको पद वहन गर्ने अधिकृतले श्री ५ को सरकारको पूर्वस्वीकृति लिई तिब्बत-को बुरान माउन्टीका मुख्य अधिकृतलाई आगमनको पूर्वसूचना दिनु आवश्यक छ । मेरो र स्था. वि. अ. को सन्दर्भमा त्यसै गरेका थियौं । जिल्ला-कार्यालय (हुम्ला) बाट पाएको परिचय-पत्रको आधारमा हाम्रो सीमास्थित प्रहरी चेकपोस्टले पुनः अर्को अनुरोध-पत्र बनाइदिन्छ । अस्थानीय नेपालीले अनिवार्य रूपमा आफ्नो नागरिकताको प्रमाण-पत्र पेश गर्नुपर्छ- अन्यथा परिचयपत्र पाइँदैन ।

हुम्लाबाट, नेपाली नागरिक बाहेक अरूलाई तिब्बत-प्रवेश गर्ने अनुमति छैन— यद्यपि यहाँको मारी र लिभीनाराबाट अन्तरराष्ट्रिय पर्यटकले छिट्टै प्रवेश गर्न पाउने व्यवस्थातर्फ पाइला चाल्न लागेको बुझिएको छ ।

सदरमुकाम सिमिकोटबाट सल्लेरीको टाकुरासम्म पुग्न तेर्पाएँ-तेर्पाएँ बाटो छ- आधा घण्टा लाग्ला बढीमा । त्यहाँबाट डाँडाफया गाउँसम्म पुग्न ठाडो ओरालो छ । त्यहाँबाट तलसम्म घोडा डोर्‍याउनु-पर्छ । बलियो, अति भरपर्दो र मयालु छ भोलेनाथ । पाँच वर्षका बच्चालाई पनि स्याहारले लैजान्छ ।

काठमाडौंको पीचमा उपयुक्त हुने जुत्ताले खन्द्राङ-खुन्द्रुङ ओरालोमा के काम देओस् ! जुत्ताको सास्ती, जीउको दुर्गति भएको छ । यत्तिकैमा एकजना हाकिमको भरियाले चाइनीज बूट डोकामा कुन्डचाएर फर्किरहेको देख्छु र ती बूट लगाइहेर्छु- मिल्छन् । यति

Digitization by Hindu-Heritage-Foundation of America, HHFA(USA)
आरामदायी बूट शायद अरू कम होलान् । फकँदा बूटको ठाउँमा बूट ल्याइदिन्छु ।

डाँडाफया पञ्चायतको धारापोरी भन्ने ठाउँमा, हुम्ला कर्णाली-माथि झोलुंगे पुल बन्दै छ— त्यहाँ पुगिन्छ एक बजे । यस अविकसित जिल्लामा पक्की पुल बन्नु पनि विकासतर्फका दरा पाइला हुन् । तर सबै खुशी छैनन् । धारापोरीका जनता खुशी छन् भने पारिपट्टि स्याडा पञ्चायतको झारखोलसी गाउँका मानिस चिन्तित छन्– अब धारापोरी-काले यहाँको घाँसपात, दाउरा केही रहन दिने छैनन् भनेर । धारापोरीका मानिस दुस्साहस, पराधिकार, अपहरण आदिमा वरपर कुख्यात नै रहेछन्– केहीले त कुकृत्यले गर्दा भोटतर्फ पनि दुर्नाम आर्जन गरेका रहेछन् । यी कारणले झारखोलसीका मानिसले काम पाउँदा पनि— पुल निर्माणको बहिष्कार जस्तै गरेका रहेछन् । यस पुलको निम्ति धेरै तानातान र हानथाप भएको रहेछ र पछि पनि होला जस्तो छ ।

यहाँबाट तेर्छैतेर्छो बाटो, हुम्ला-कर्णालीलाई पछ्याउँदै जान्छ । पानी लाग्ने फाँट छन्, धान पनि हुन्छ, तर यस वर्ष खडेरीले बाली राम्रो हुन दिने जस्तो देखिएन ।

सधैंको लागि के रहन्छ र ! तेर्छो बाटो टुङ्गियो– च्याछडाको ज्यानमारा भिरालो बाटो थालियो । तर बाटाको फेदीमा तीनोटा छहरा छन् जहाँ इन्द्रेनी परेको छ, आराम गर्छौं, खाजा खान्छौं र फोटो खिचाउँछौं ।

जमेको गेग्रेटोमाथि एक हत्केलो जति फराकिलो छ बाटो । ठाडो चिप्लिन्छ कि जस्तो जहीं तहीं छ । यहाँबाट बर्सेनि चौंरी र भेडा लडेका छन् । चौंरी-जसलाई कर्णाली अञ्चलको ट्रक भनिन्छ ।

सौभाग्यले हामी सकुशल भीरबाटो काट्छौं । तेर्पाएँ उकालो छ अब केर्मीलाई । साढे सात बजे बडो मुश्किलले केर्मी पुग्छौं । हिंडाइ-भन्दा गाह्रो सङ्घर्ष, जससँग यस अञ्चलमा यात्रा गर्नेले जुधिरहनुपर्छ

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
अर्थात्– सामाल, भाँडाकुँडा, वास आदिको, अनि सबभन्दा पहिले रोकायाको खोजी गर्नुपर्छ ।

पाहुनाहरू, बटुवाहरू र कर्मचारीहरूको बासगाँसको व्यवस्थाको लागि प्रत्येक गाउँले रोकाया छानेको हुन्छ, जसको कर्तव्य आगन्तुक-हरूको लागि सामल जुटाइदिनु हो । (रोकाया थरका छेत्री पनि यहाँ हुन्छन्, तर पाहुनाको व्यवस्था गर्ने काम सबै गर्छन् ।) कुन-कुन घरले, कहिले-कहिले, आगन्तुकहरूको लागि के-के जुटाइदिनुपर्छ– यस विषयमा सर्वसम्मतिबाट एउटा व्यवस्था मिलाइदिएको हुन्छ, जसलाई खर्च पालो भनिन्छ । खर्च-पालोबाट आगन्तुकलाई सामल जुटाइदिने, पानी ल्याइदिने, भाँडा माझिदिने र पाहुनाले भनेमा खानासमेत पकाइदिने काम रोकायाले गर्छ । आफ्नो सेवाको पारिश्रमिक र सामलको दाम रोकायाले विहान बुझ्छ । अभावग्रस्त प्रदेशमा निःशुल्क अतिथिसत्कार कसरी हुने ?

हाम्रा केटाहरू रोकाया खोज्न, नापी, जाँची सामल लिन, भान्सा बनाउन खप्पिस छन्, तर रोकायाहरू खोज्दा र दाउरा, पानी, साग मात्र जुटाउंदा पनि नौ बजिहाल्छ ।

केर्मीमा तातोपानीको खोलो नै छ । पानी कति तातो छ भने रुमालमा गाँठो पारी डुबाएको भात पाँच-छ मिनेटमा पाक्छ। तर गाउँ र तातोपानीको बीचमा सिस्नाको अमेद्य काङ छ । लूतो, खटिरो, जुम्राबाट सबै पीडित छन्, तर या त यिनीहरूलाई तातोपानीले यी सब निको पार्छ भन्ने थाहा छैन-या त जाँगर छैन । हुन त तिब्बत र भारत-सँगको दोहोरो व्यापारले गर्दा, शताब्दियौंदेखि नफाटेको घरले गर्दा हुम्ली तामाङहरू, जसलाई यहाँ थपाले भन्दछन्, हुम्ली टोपीटाले– (तामाङ इतर जाति)– भन्दा समृद्ध छन् तर केर्मीका तामाङहरू अरूको अनुपातमा निर्धन छन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सजिला बाटा खोइ र !

जति छिटो गरे पनि अर्को दिन हामी उम्कँदा साढे सात बजिहाल्छ । बाटाभरि ठूला-साना ढुङ्गा नछरिएका भए तेर्पाएँ बाटो सजिलै हुने थियो । ढुङ्गा कसले पन्छाउने ? यहाँ त तल्लो बारीका र माथिल्लो बारीका ढुङ्गा पनि बाटालाई नै बुझाउँछन् । गाउँलेलाई हिँड्न बाधा परेको छैन भने खालि गोर्खालीको लागि कसले बाटो सजिलो बनाइदिने ? घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्मको अवधिमा हुलाकीबाटो (मूलबाटो) र गाउँघरको बाटो मर्मत गर्ने जुन चलन पश्चिमाञ्चलको पहाडी भेगमा छ अधिराज्यभरि अन्यत्र कहाँ छ, त्यो त थाहा छैन, तर कर्णाली अञ्चलमा पक्कै छैन । आफ्नो बारी फोहर हुन्छ भनेर बाटाको उपयोग गर्ने, बारीको माटो सकिन्छ भनेर एअरपोर्टको सरकारी फिरी माटो खन्ने, जति बुझाउँदा पनि नमान्ने यहाँका जनताले आफ्नो घरअगाडिको बाटाको ढुङ्गा सफा गरिदेलान् भनी आशा गर्नु व्यर्थ हो । यसको लागि पनि जिल्ला पञ्चायतको योजना वा 'कामको लागि खाद्यान्न' योजना चाहिन्छ । जिल्लास्तरीय योजनामध्ये अधिकांश घोडेटो बाटो योजना छन् । पूरा भइसकेको घोडेटो बाटो योजनामा घोडा चढी हिँड्दा टोपी झाङ्ले लगिदिने डर

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हुनाले कि त टोपी लाउनहुन्न, कि एक हातले समाइराख्नुपर्छ । कति ठाउँमा टाउकै ठोकिन्छ । योजनाको रकमले ताक्लाखार-राजापुर व्यापार भ्याएर वैशाखतिर काम गर्न थाल्ने अनि वर्षामा भत्केको देखाउने ! यहाँ जतिवटा घोडेटा बाटा कागतमा तयार भए वास्तवमा त्यति पूरा भएका भए त ! अस्तु ।

तेर्पाएँ-तेर्पाएँ बाटोमा यस्तै सोचेर हिँड्दा कति खेर सल्ली खोलाको ओराली थालिन्छ, थाहा पाउन्नँ । पारिपट्टि एउटा ठूलो चट्टानमा बाघ र वराहको युद्ध अङ्कित छ । तराईको बाघ र हिमालको बँदेल लडेको वेला एउटा लामाले मन्त्रशक्तिद्वारा त्यहीं स्तम्भित गराइदिएका हुन् रे ! गोब्रेसल्लाको बाक्लो वनको भुइँमा सयौं किसिमका हिमाली फूल फुलिरहेका छन् । दृश्य आँखामा थुनिराखौं जस्तो छ ।

यो खोला तरेपछि मुचु गाउँ पञ्चायत शुरू हुन्छ । यहींबाट लिमी पञ्चायत जाने बाटो निस्किन्छ । असारदेखि कार्तिकसम्म मात्र आवागमन सुगम हुने लिमी म अझै पुग्न सकेको छैन ।

दायाँ-बायाँ गोब्रेसल्लाको बाक्लो वन छ । चट्टानमाथि, भिरालोभन्दा भिरालो ठाउँमा, पहरामा पनि गोब्रेसल्लो हुर्केको छ । यसैका फलिया र मुढा लुका-चोरी तिब्बत पुऱ्याएर सयौं मानिसले पेट भरेका छन्, असमयमा रूख मार्ने अनेक तरीका निकालेका छन् र यिनै तस्करको पिलोमाथि निर्वाह गर्ने वनरक्षकहरूको खटिरो पनि फलेफुलेको छ ।

तेर्छै-तेर्छो निकै वेर हिँडेपछि यालबाङ चौर पुगिन्छ । पहिले यस्तै चौरमा नेपाल र तिब्बतबीचको व्यापार हुन्थ्यो । ताक्लाखारबाट फर्केका हुम्लीहरूको ठूलो बथान यहाँ भात पकाउन बसेको छ । भाँडा-कुँडा पाउन सजिलो होला भनेर हामी पनि यहीं खाना खाई जाने विचार गर्छौं, किनभने अर्को बस्ती याङ्गार अझै डेढ घण्टाको बाटो पर छ ।

Digitization by Hindu-Heritage-Foundation of America, HHFA(USA)

[illegible] पनि [illegible] बाटो तयार भएको हो हुम्लाकै एक जना भू. पू. को समयमा। तर बाटो कति सजिलो छ भने रित्तो घोडा पार गर्न पनि डर लाग्छ। एकातिर ठाडो पहरो, अर्कोतिर कर्णालीको भिचान। तिब्बतबाट नून ल्याउने तिब्बती भेडा, जसलाई स्थानीयहरू छोवा पाठा र मैले जुल्फीकोरे भन्छु, बथानका बथान आएर बाटो काट्न नमिल्ने बनाइदिएका छन्। यताबाट जाने र उताबाट आउने व्यापारीहरूको घुइँचो उस्तै छ। यताबाट व्यापारीले विदेशी सामान, वेस्ट एन्ड वाच कम्पनीको घडी, दूरबीन, टू इन वन, क्यामरा आदि लैजान्छन् भने स्थानीय जनताले खाद्यान्न, फलफूल [स्याउ, चुली (काँठे खुर्पानी) जङ्गली आरु केरा आदि] लैजान्छन्। यहाँ बढी उब्जनी हुने जो चीज लगे पनि तिब्बतमा बिक्री हुन्छ। दुई दाना काँचा अमिला स्याउको पनि एक सिकुर (युआन) पर्छ। एक युआन-सरदर सात रुपियाँ। चुली र जङ्गली आरु– (जसलाई यहाँ खाँगु भन्छन्)– को पनि राम्रै मोल पाइन्छ। जङ्गली आरु र चुली त यहाँ बाटैभरि पाइन्छन्।

दोहोरो विनिमय व्यापार नै हुम्ली जनताको जिविका हो। मै हुँ भन्ने किसानलाई पनि आफ्नो उब्जनीले छ महीना खान पुग्दैन। कृषिभन्दा पशुपालन लाभदायक छ। उदाहरणको लागि भेडा लिऊँ– (१) भेडाको ऊन हुन्छ, (२) यसले दश किलोसम्म सामान बोक्छ, (३) चरन पहुल हुनाले यसको लागि घाँस खोज्नुपर्दैन, यो आफैं पालिन्छ, (४) जति अप्ठ्यारा बाटामा पनि हिंडेर ताक्लाखार-राजापुर गर्न सक्छ, (५) बूढो भएर भारी बोक्न नसक्ने भएपछि मासु खान त भैहाल्छ। भारी बोक्ने भेडालाई यहाँ जाक्न्या भन्दछन्। अब व्यापारको फाइदा– (क) एक माना चामलले भोटमा पाँचमाना सम्म नून पाइन्छ। (ख) त्यो नून हुम्लाको दार्मा पुऱ्याएपछि जतिको तत्ति चामल पाइन्छ इत्यादि। साढे दुई बजे याङ्गार पुगिन्छ। दुर्गम

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
क्षेत्र विकास समितिले यहाँ एउटा वाटर टर्बाइन (पानी-आरा) बनाउँदै छ जो पूर्णतातर्फ बिस्तार-बिस्तार बढ्दै थियो। रमाइलो बस्ती छ। हामी निकै बेर बिसाउँछौं।

बाटो अपेक्षाकृत राम्रो छ। छोटी हुलाक, हेल्थ पोस्ट, गाउँबेसी गर्ने चेकपोस्ट (जुन हिउँ परेपछि तल मुचु र हिउँ सफा भएपछि माथि सर्छ) भएको रमाइलो मुचुको छोटी हुलाकमा हाम्रो डेरा जम्छ। गोर्खाली देखिराख्ने बानी भएकोले यहाँको कुकुरले पुच्छर हल्लाएर हाम्रो स्वागत गर्छ। अनि खोजीमा लाग्छौं के को ? रोकायाको।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ब्यासीका पाहुना

एउटा सपना पनि नदेखी रात बित्यो। थाकेको जीउलाई, हुम्लामा सबभन्दा जोडदार मानिने केर्मीका उपियाँले सताउन सकेका थिएनन् भने मुचुमा त जुट्न सम्भव हुने सुविधा जुटेको थियो। चिया पिएर बिहानै हिंड्यौं, तर डेढ घण्टा हिंडेपछि फेरि तुमकोटको वेसीमा रोकियौं। यहाँको हिंडाइमा यति घण्टा हिंडेपछि, बिहानको खाना खाने भन्ने मात्रैको हिसाब हैन साधनको उपलब्धिको कुरा पनि विचार गर्नुपर्छ। दार्चुलाका ब्यासीहरू पाल टाँगेर बसेका रहेछन्, अतएव तिनैसँग सहयोग पाउन सजिलो हुने देखिएको हुनाले हाम्रो यो शीघ्र विश्राम। यसपछिको अर्को बस्ती यारी तीन घण्टा पर थियो।

एकजना ब्यासीले भगवान् बुद्धको पूजाको आयोजना गरेका रहेछन्। पालामा पनि कति राम्रो सजावट! राउटे मात्र हैनन्, ब्यासी पनि फिरन्ता जाति हुन्। भन्न त यिनीहरूको मूलो थलो ब्यास गर्खा हो र त्यसैले ब्यासी कहलाइए तर यिनको स्थायी घर हुँदैन। भेंडा. बाख्रा र घोडा-खच्चडको भरमा यिनीहरू भोट-भारत व्यापार गर्दछन्। हामी नीमा थापाको पालको नजीक बस्यौं। नाउँ नीमा (भोटे) थर थापा (खसको) यिनीहरूको रीतिथिति र चलन पनि हिन्दू र बौद्ध

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
परम्पराको समन्वयको उदाहरण छ । दल्काइ भने अलि लामा धर्मप्रति बढी देखिन्छ । तर यिनीहरू न्वारान पनि गर्छन्, सत्यनारायण-पूजा र दुर्गा-पूजा पनि गर्छन् । व्यासी महिलाहरूले यस भेगका अरू महिलाकै जस्ता गहना लाउँछन् । नीमाकी जहानको चाँदीको मालामा सन् १८४४ को रानी भिक्टोरियाको रूपाङ्कित रुपियाँ थियो ।

पहिले तुम्कोट पनि कुनै भुरे राजाको राजधानी थियो रे। यहाँ एउटा प्रसिद्ध गुम्बा छ ।

वारि र पारिका दुइटा डाँडा यसरी टम्म जोरिएका र एक-अर्कामाथि खप्टिएका देखिन्छन् भने त्यहाँबाट कर्णाली निस्केको छ भनी, आफ्नै आँखाले नहेरी विश्वास गर्न सकिदैन । टिंकर व्यासबाट आउने टिंकर खोला र हुम्ला कर्णाली यहीं मिसिन्छिन् ।

तुमकोटबाट कर्णालीको किनारै किनार लिमी जाने बाह्रमासे घोडेटो खन्ने योजना एकचोटि जोडतोडले शुरु भएर अचानक बिचैमा रोकिएको रहेछ । यसरी रोकिनुका कारण यी रहेछन् (क) बाटामा धेरै, विषालु सर्प निस्केर (ख, गोर्खालीले बाह्रै महीना पाहुना लागेर दुःख दिन्छन् भनी लिमीका जनता आत्तिएर (ग) कामको लागि जिम्मेदार व्यक्ति पानीमरुवा भएर ।

नीमा थापाकहाँबाट छिटै उम्किन्छौं, तर बाटो नपत्याउने गरी लामो छ । बीचमा छरिएका ससाना ढुङ्गाले अप्ठ्यारो पनि बनाएका छन् । बाह्र हजार फीटजतिको उँचाइमा घामले नपोल्नुपर्ने हो, तर निकै पोल्छन् । अब उकालो टुङ्गियो भन्ने धेरै ठाउँ आउँछन् । तेर्छो लागेपछि पानीका मुहान र चौर बीचबीचमा पाइन्छन् । यस्तै एउटा चौरमा आफ्ना घोडा र भेडाको बथानको बीचमा पाल टाँगेर बसेका कार्बुलामा– (जिल्ला पञ्चायत सदस्य)– ले मायालु आतिथ्य दिन्छन् । यस्तो निःस्वार्थ स्नेह त दुर्लभ भइसकेको छ । थकाइ हराउँछ, मन पनि हरियो हुन्छ ।

यहाँबाट तेर्छैं तेर्छैं एक घण्टा हिँडेपछि यारी आइपुगिन्छ।
Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
सिमिकोटपछिको मिलेको बस्ती यारी नै हो। तोरी, आलु, सूर्यमुखी र केराउको राम्रो खेती हुँदोरहेछ यहाँ। टाढाबाट काठका डुँडहरूमा ल्याएको सिचाइ कुलोले यारीका जनताको अध्यवसायको चिनारी गराउँछ।

यारीपारि अब नेपालको अर्को बस्ती छैन। बस्ती बसाउन लायक ठाउँ पनि छैन। यहाँ एउटा प्रहरी चेकपोस्ट छ।

मुचुदेखि यारी पूरा दिनको हैन एक बिहानको बाटो छ। तर यहाँबाट अगाडि बढ्नु सम्भव छैन।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सत्तै सत्तै सातो जान्छ

एकादशी परोस् कि औंसी, बिहान तगडा जलपान नगरी पाइला चाल्न सक्दिनँ। इन्दु र मेरो बीच एउटा सम्झौता छ जसअन्तर्गत उनी मेरो कोटको खल्तीमा दुई मुठी मुड्कीला (गहुँ र चामलको पिठो मिसाएर बनेको गुलियो–नुनिलो रोटी जो हेर्दा म्याकारोनी जस्तो देखिन्छ र धेरै दिन बिग्रँदैन।) र एक पुरिया अरेन्ज नट बिस्कुट राखिदिने गर्छिन् तर चियासित एक-दुई रोटी लिएको हुनाले मुड्कीला चपाउँदिनँ। आठ बजे बल्ल हाम्रो प्रस्थान हुन्छ। धेरै परसम्म तेर्छै गएपछि नारा लग्ना –(लेक)– को उकालो शुरू हुन्छ। न कतै बोट, न घाँस, न झाङ। फुस्रो बुक्रो माटोमाथि ठाडो, एकदम भाके उकालो छ। गोरेटा त तलदेखि माथिसम्म पन्ध्र-सोह्रवटा छन् तर निर्धक्क हिँड्न मिल्ने एउटा पनि छैन, कुनै पनि गोरेटो हत्केलाभन्दा फराकिलो छैन। घोडामाथिबाट हेर्दा त अझ डर लाग्छ, कहाली लाग्छ – हातले थामेर शिरमाथिसम्म पुऱ्याएको नानीले भूइँ हेर्दा जस्तो देखिन्छ उस्तै। अगाडिमात्र हेरेर घोडा अगाडि बढाउँछु। माथिमाथि खेद्दै लगेर घोडालाई सबभन्दा माथिको गोरेटोमा पुऱ्याउँछु। आखिरमा नारा लेकको देउराली (करीब साढे पन्ध्र हजार फीट) मा पुगिन्छ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
देउरालीलाई श्रद्धापूर्वक ढुङ्गा, जुन यहाँको लागि फूल हो, चढाउँछु ।

बरगाउँ, बुराउँसे, खार्पुनाथ आदि गाउँका भेंडी-गोठालाहरू यहाँ पाल टाँगी भेंडा चराउन बसेका छन् । हाम्रा घोडा पनि यहाँबाट पर जान सक्दैनन् । अतएव यी गोठालालाई हाम्रा घोडा पनि हेरिदिन अनुरोध गर्छौं । केही बेर आराम गर्छौं अनि उभिएर तलको बाटो कस्तो छ भनी हेर्छु । हिउँले नढाकेको बेला तिब्बतको मरुभूमि कस्तो देखिन्छ भनी हेर्न पर जानुपर्दैन; नारा लेक स्वयं उदाहरण छ । न घाँस छ, न बुटा छन्, न ठूल-ठूला चट्टान छन्, न पत्रे ढुङ्गा छन् । माटो र गेग्रेटोले नै सारा पहाड बनेको छ र यो माटो र गेग्रेटो लगातार झरिरहेको छ । यस हिसाबले शायद पचहत्तर सय वर्षपछि नारा लेक समथर मैदान हुन जानेछ । के गरेर, के कारणले यस्तो मरुभूमि तयार हुन्छ मलाई थाहा छैन ।

तल हेरिसक्नु छैन । कतै खुड्किला छैनन्, कहीं समाउने, अडिने ठाउँ छैन । धूलो माटोमाथिको ठाडो ओरालो छ । खुट्टा टेक्न नसक्ने वा जुत्ताको भर नहुने, चिप्लिए सोझै तल झरिन्छ । ससाना ढुङ्गा माथिबाट लगातार खसिरहन्छन्, वा टाकुरानिर चरिरहेका भेंडाबाख्रा वा नाउरले झारिरहन्छन् । हामीलाई जति गाह्रो भए पनि, चौंरी, झुपा, भेंडा-बाख्रा, घोडा र यहाँका मानिस आफ्नो पूरा भारीसित ओहोरदोहोर गरि नै रहेका हुन्छन्, यस बाटालाई अरू बाटोभन्दा अप्ठ्यारो उनीहरूले मानेका छैनन् । तर मलाई लाग्छ– स्वर्गारोहण पथमा अगाडि बढेका पाण्डवहरूमध्ये भीमसेन यही नारा लेकमा लडे होलान् ! अर्जुन च्याङ्छडाको भीरमा पल्टे कि ? द्रौपदी, सहदेव र नकुल त सिमिकोट पनि आइ नपुग्दै मार्भुको लेक, फुपू-गौंडो आदिमा खसिगए होलान् ।

भाइहरू छुटे पनि जसरी कुकुरले आखिरसम्म युधिष्ठरलाई साथ दिएथ्यो त्यसैगरी थापाजीको कुकुर नक्कली हामीसँग हिंडेको छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बक्खु वालालाई मन पराउँदैन, पाइन्ट, कमीज-दौरा-सुरुवाललाई माया गर्छ ।

फुन्डेले मीनप्रसादले मेरो प्यारो स्किइङ लौरो पड्काइसकेका, त्यो नभए म लँगडा । नयाँ बूटले ,काटेर खुट्टाले राम्रो टेक्न सकेको छैन । एकपछि अर्को, अर्कोपछि अर्को, हरेक घुम्ती सातो लैजाने खालको छ । ठाडो ओरालो छ, यहाँ गइन्छ कि उहाँ लडिन्छजस्तो । सत्ते, आजैलाई मात्र जिन्दगी रहेछ जस्तो । को को पछि आएको छ भनी फर्केर हेर्ने आँट गर्न सकिन्न । खुट्टा दह्रा भए यस्ता ओरालोमा बुङबुङती दगुर्नु वेस हुन्छ । अडिई अडिई-हिंड्दा झन् लर्किने डर हुन्छ । धन्न नानीहरूलाई सँगै ल्याइनछु नत्र जतिखेर पनि घाँटीमा सास अड्किने थियो । जेनतेन तीन घण्टामा ओरालो सकिएर ह्रिल्सा पुगियो । ह्रिल्सामा कर्णाली पुल तरेर तिब्बतको शेरा गाउँ पुगिन्छ । पुल पुरानो हुनाले भत्काइसकिएको रहेछ, नयाँ पुल बनिसकेको रहेनछ । अझ पश्चिम-उत्तर हानिएर खोजेर नपुगीकन अर्को पुल नआउने । रात पर्न लागेको थियो । अरू हिंड्ने आँट थिएन । पारिपट्टि मुचु पञ्चायतका उपप्रधानपञ्च नीमा लामा देखिए । उनले कर्णालीवारपार तानेको तारबाट पाल, भाँडाकुँडा र केराउको धूलो पठाइदिए । निर्जन चौरमा वडो आराम र फुर्सतले खानपीन भयो । भगवान्ले आज एकछाकी पारिदिएका थिए ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पुग्न खोजेको हो तर. . .

नारा लेकबाट झरेका माटा-ढुङ्गाले ससाना थुम्का बनाइराखेको छ र थुम्काको अग्ल्याइ बढी नै राखेको छ। भुईंसित टाँसिएका जस्ता काँडे झाडबाहेक अरू वनस्पति हिल्सामा देखिन्न। ढाक्रेले खडा गरेको एकसरो ढुङ्गाको गारो पनि वर्षौं वर्ष टिक्छ। चारैतिर यस्तै गारा देखिन्छन्। बिहानदेखि साँझसम्म हरर हावा चलिरहन्छ।

यही हावा र चिसो पानीमा नित्यकर्मबाट उम्केर र कालो चियासँग भेटघाट गरेर बाटो लाग्छौं। हिल्सापारि शेराका फाँट हरिया देखिन्छन्। तर त्यहाँ पनि आफ्नो उब्जनीले किसानलाई पुग्लाजस्तो देखिन्न। यद्यपि कुलोबाट राम्रै सिंचाइ भएको बुझिन्छ उवाको। खेतीयोग्य जमीनको विस्तार गर्ने र हावापानीमा मिल्ने रूख-बिरुवा लाएर मरुभूमिलाई हरियो-भरिलो पार्ने प्रयास गरेको देखिन्छ जतासुकै। अरू कुनै बोट नफस्टाउने ठाउँमा वैंस –(willow)– को रूख राम्रै मौलाएको पाइन्छ। यस भूमिलाई यो रूख उपयुक्त हुँदो रहेछ। शेरामा बिजुली र टेलिफोनको सुविधा छ। बाटो बिग्रेर मात्रै हो रे, नत्र पोहोर त यहींसम्म मोटर आउँथ्यो रे !

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हिल्सादेखि पश्चिमको पहिलो पुलसम्मको बाटो निकै अप्ठ्यारो छ। पुलपारि एउटा भेटेरिनरी डाक्टर चोखो नेपालीमा भेडामालिक-हरूसँग 'के-के ल्याएको छ, भेडालाई रोग लागेको छ कि छैन ?' आदि सोध्दै थिए। रोग लागेका भेडालाई, चिनो लाएर, छुट्टै राख्ने व्यवस्था छ।

खोजेरनाथको मठ र बस्ती आइपुग्नुभन्दा पहिले भास आउँछ, अलि होश गर्नुपर्छ। यहीं हाम्रा सहायक पामा मुटुकासित हाम्रो भेट हुन्छ। पामा खाम र नेपाली दुवैमा पोख्त छन्। नम्र र मिलनसार छन्।

यहाँ हामीलाई लिन बुरान काउन्टीका प्रधान आएका छन्। पामाले भने उनको पद राम्रो चिनेका रहेनछन्।

खोजेरनाथको गुम्बा रमणीय छ, सुन्दर, भव्य छ। नेपाली कलाकारले बनाएका हुन्। खोजेरनाथ मात्र हैन मानसरोवर, कैलाश-सम्म नेपालको आधिपत्य थियो कुनै बेला। धेरैपछिसम्म प्रभावक्षेत्र रहेको थियो नै।

म, जहान, मीनप्रसाद र पामालाई लिएर जीप कुदिहाल्यो। ड्राइभरसमेत जम्मा ६ जना अटाउने रहेछ। भट्टराईजीलाई हामीले छोडेर कुदेजस्तो लागेछ र उहाँ हिड्नुभएछ पैदलै, तर बाटैमा मैले दोभाषेलाई अनुरोध गरी फर्काउन लगाएको जीपले भेटेर उहाँहरूलाई पनि ल्यायो। घन्द्राङ्घुन्द्रुङ गराउँदै डेढ घण्टामा ताक्लाखार गेस्ट हाउसमा ल्याइपुर्‍यायो।

खाना-बस्नाको गरेर एक जनाको चालीस सिकुर (३२० रुपियाँ) लाग्ने गेस्ट हाउस स्तर हेर्दा र प्राप्त सुविधाको विचार गर्दा महँगो नै हो।

जन्माष्टमी भएकोले आज नुहाउन जान पाए कस्तो जाती हुँदो हो भनेर सवारीको लागि अनुरोध गर्छु, तर अबेला भइसक्यो आज सकिन्न भनी जवाफ पाइन्छ। आफूले चिताएर मात्र नहुने–दैवले पनि चाहनुपर्ने रहेछ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ताकलाकोटबजार

हुम्ला कर्णालीका दुवै किनारमा, लगभग १४,५०० फीटको उँचाइमा ताकलाकोट बजार बसेको छ। ताकलाकोट शब्दको जुन व्युत्पत्तिमा म पुगेको छु त्यो यसरी छ– हुम्लाको पश्चिमी भागमा ताकु लाग्ना = ताकु भन्ज्याङ छ। भोटेभाषामा 'ला' भनेको भन्ज्याङ, कोट=किल्ला (कूट=टाकुरोबाट) ताकुला कूट>ताकलाकोट। नेपालीमा ताक्लाखार पनि त्यत्तिकै प्रचलित छ।

ताक्लाखार सम्भवतः पहिले हुम्ला कर्णालीको आधारभूमि थियो।

ताक्लाखारमा स्थानीय तिब्बती वा चिनियाँभन्दा बढी दार्चुलाका निवासी, ब्यासी, मदिसे व्यापारीहरू र सबभन्दा बढी त हुम्लावासी नै देखिन्छन्। कर्णालीपारिपट्टि लहरै हुम्लीहरूका पाल देखिन्छन्। पालभित्र बसाइ पनि हुन्छ, पसल पनि हुन्छ। यता वारिपट्टि ब्यासीहरू, मदिसेहरू र ल्हासाका खाम्पाहरू पनि देखिन्छन्।

जसरी मोफस्सलका जिल्लाहरूमा, काठमाडौं वा आसपास काँठमा घर हुनेमध्ये केही चढेकाले काठमाडौंबाहिर घर हुनेलाई पाखे,

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
कोकाली, पर्वत, खएँचा, गाह्रा भनी प्रत्यक्षतः वा घुमाएर हेर्ने, होच्याउने गर्छन्, त्यसै गरी ल्हासालीहरू अन्यत्रका तिब्बतीहरूलाई हेर्दा रहेछन् भन्ने बुझियो। काँधमा गोलीको माला भिरेका र शतरन्जामुनि अटोमेटिक राइफल लुकाएका निजी ट्रकमा बसी व्यापार गर्ने यी खाम्पाहरूको अरू तिब्बतीहरूप्रतिको व्यवहारमा जुन वृथा-दर्प देखें त्यसले मलाई–एउटाले पाटनको जन्म र विमानस्थलको बस्तीको धाक लाउने, अर्काले जर्सीप, कर्सीप र भुरेभन्दा घटीका मानिसै नचिने-जस्तो गरी, सभ्यता, शिष्टता र आचारविचारको पूरै जिम्मा लिई अरूलाई बातबातमा पाखे बनाउने, तरुनी कान्छी स्वास्नी र बूढो लोग्नेका जोडीको सम्झना दिलाए। यस जोडीमा एउटा भुजङ्गको प्रवेश भएपछिको कथा त्यहाँका हुम्लावासीहरूमा खुला गफको रूपमा चर्चित रहेछ।

पालभित्रका वा खुला नाङ्लेपसल यहाँ प्रशस्त छन्। मोल तिर्न सक्नेले यहाँ जस्तो सामान पनि पाउँछ। ताक्लाखार क्षेत्रको खास उब्जनी भने ऊन नै हो। अरू उपभोग्य सामग्रीको आपूर्ति ल्हासा र तिब्बतको अरू भाग, दार्चुला तथा हुम्लाबाट हुन्छ। विदेशी सामग्री ब्यासी, मदिसे र हुम्लीहरूले पुऱ्याउँछन्।

कर्णालीपारिको पालबजारभन्दा केही पर माथि टाँगेमा 'टाँगे इन्टरनेशनल' मार्केटको तुल तानेको रहेछ। नामअनुरूप नै यहाँ विभिन्न मुलुकहरूका सामान पाइँदा रहेछन्। भारतीय तीर्थयात्री यतैबाट ताक्लाखार पस्दा रहेछन्।

सरकारी स्टोरहरूमा स्थानीयले मात्र किनमेल गर्न पाइने रहेछ। त्यहाँबाट सहुलियत दरमा सामान किनेर स्थानीयहरूले आफै दोकान गर्ने वा व्यापारीलाई बेच्ने रहेछन्। यस प्रकारबाट पनि राम्रै जीविका चल्दो रहेछ। सरकारी स्टोर भने प्रायः बन्द नै रहेको देखियो– हामी त्यहाँ बसेको अवधिभरि खुलेनन्।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गेस्ट हाउसमा एउटा सानो सोभेनिर शप छ। लकेट, रुमाल, कलम चिया पत्ती आदि सामग्री पाइन्छन् ।

रक्सी भने ताक्लाखारमा पहुल देखियो । तीन सिकुर अर्थात् एक्काइस रुपियाँमा पाइने सस्तो रक्सीले पनि मै हुँ भन्ने तीनजनालाई ढाल्छ । यो रक्सी र मद भट्टीरकमको ठर्राले सिमिकोटीलाई बर्बाद गरिसक्यो । केही वर्षपहिलेसम्म बहुत कम कर्मचारी रक्सी पिउँथे, तामाङहरू पनि छ्याङ मात्र खान्थे । अहिले रक्सी पिउनु अग्रगामिताको चिह्न भइसक्यो । जतासुकै लडेका र फुटेका बोतलले ताक्लाखारको हाल कन् नराम्रो रहेछ भनी जनाउँथ्यो ।

छुटेका भट्टराईजी आइपुग्नुभयो । मुदुभाषी दोभाषेले हाम्रो परिचयको चिठ्ठी चार पटक माग्यो र अंग्रेजिमुनि चिनियाँमा लेखेर फिर्ता दियो ।

पेकिङ-समय स्थानीय समयभन्दा अढाई घण्टा अगाडि छ । त्यही समय मानूँ त ल ठिकै छ भनौं, तर पेकिङमा साँझ आठ बजे सायंकालीन खानाको वेला हो भन्दैमा घाम अस्ताउन पनि दुई घण्टा बाँकी छँदै, साढे पाँच बजे रातिको खाना खानुपर्दा एकातिर असजिलो भयो भने अर्कोतिर, राति भोक लाग्यो ।

आज त पुग्ने भइयो भनेर होला निद्रा सबेरै खुल्यो र तयार भएर बसतर्फ लागेको त बस हैन ट्रक पो तयार रहेछ । बूढाबूढी फ्रन्ट सीटमा बस्यौं । हामी जान्छौं र प्रबन्ध हुन्छ भनी थाहा पाएका दार्चुलावासी तीर्थयात्रीहरू पनि हिंडेर पुग्नुपर्ने भएन । गेस्ट हाउसमा नबस्ने तीर्थयात्रीहरू सवारीको सुविधा नपाउने रहेछन् र उनीहरू हिंडेर जानुपर्ने रहेछ । जान डेढ दिन, आउन उत्ति ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गच्छन् पिपीलिको याति

ठूलठूला ढुङ्गा मात्र पन्छाएर रूपरेखामात्र बनाइएको बाटोमा रेसमा पहिला हुने जस्तो गरी ट्रक कुद्छ । दायाँ-बायाँ भेडी बथान, र चौंरीहरू चरेको देखिन्छ । यिनका गोठाला ढोक्पा सँगै छन् । डोरी-कपाल बाटेका, टोप लगाएका, कम्मरमा लामा-लामा छुरी, काँधमा गोलीको माला र दुई-दुईवटा बन्दूक भिरेका एसियाका यी शीप ब्वायले आफ्ना बथान चम्काइदिने ड्राइभरलाई आग्नेय दृष्टिले हेर्छन् । यहाँका पशुवस्तुले अझै पनि मोटरको उपस्थिति पचाइनसकेजस्तो लाग्यो ।

कुदिरहेको ट्रक एक ठाउँ सानो गडबडी भएर केहीबेर अड्छ । म चारैतिर नजर लाउँछु । आँखाले भ्याइनसक्ने विस्तारमा बीच-बीचमा ससाना बुच्का छन् । तालको भूँईजस्तो देखिने ढुङ्ग्यानमाथिको यो काँढे झाङ भेडालाई निकै पोसिलो हुन्छ रे !

ट्रक छिटै सप्रन्छ र कुद्न लाग्छ । डेढ घण्टाजतिपछि हरियो पानीको फैलोट देखिन थाल्छ । इन्द्रिय सतर्क हुन्छन् । हो, यो राकसताल हो जसलाई हामी नेपाली लङ्कारीदहको नामले पनि चिन्छौं । यो ताल नबन्दै यहीं बसी रावणले हजार वर्षसम्म कैलाशवासी शिवको तपस्या गरेको थियो, अन्तमा ताण्डव-नृत्य गरी भोलेनाथलाई रिझाएको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
थियो । त्यसै नृत्यको पाइलाको चापले भुइँ भासिन गएर यो ताल निस्केको हो रे ! तालको पूर्वीभागनिरबाट सिन्धु नदी निस्कन्छ र पश्चिमी तिब्बत हुँदै पाकिस्तान पसेर कराचीनेर अरबसागरमा मिसिन्छ । पश्चिमीभागनिरबाट हुम्ला कर्णाली निस्कन्छ र भारतमा कर्मनाशा र घाघराको नामले चिनिंदै गङ्गामा मिल्छ र बङ्गालको खाडीमा पुग्छ । क्या अभिशाप छ राकसतालको पनि ! यहाँ नुहाउने कुरा त परै जाओस्, यसको पानी पनि खान कोही मान्दैन । कैलाश मानसरोवरको दर्शन गरी फर्कनेले राकसतालतिर फर्केर हेरेमा पुण्य नाश हुन्छ रे। यसबाट निस्कने कर्मनाशा नदीको पानी पर्व, तिथिहरूमा छुन पनि हुदैन रे ! गण्डकीवाहुतरणात् करतोयाविलङ्घनात् कर्मनाशा-जलस्पर्शात्, धर्मः क्षरति कीर्तनात् । (पौडी खेलेर गण्डकी तर्दा, करतोया नाघ्दा पुण्य कार्यको चर्चा गर्दा र कर्मनाशाको पानी छुँदा सञ्चित पुण्यको क्षय हुन्छ ।)

अनि अरू भूत-प्रेत लागेजस्तै यो राकसताल पनि लाग्छ । अस्तिसम्म त म कर्णाली अयोध्या पुगेर सरयू बन्छ भन्दै थिएँ । कसैले लिमी भएर बग्ने एउटा खोलामा मानसरोवरको छाल मिसिन्छ पनि भन्छन्, त्यही विश्वास गरेर मलाई निर्धक्क कर्णालीमा डुबुल्की मार्न मन लाग्छ, तर तर ... ..

मन नपरेका पाहुना कतिलाई मानसरोवर भनी यसै तालमा नुहाउन लाइयो रे ! पैंतालीस मिनेट ट्रक कुदाउँदा पनि तालको पश्चिमी किनार सकिन्न । त्यसपछि पन्ध्र मिनेट उत्तर-पूर्व लाग्छ ट्रक ।

जहाँ आइएला भनी चिताइएकै थिएन त्यही आउने वेला हुन्छ । जीउ रोमाञ्च हुन्छ, जब सामुन्ने सेतो चाँदीको थुम्को, थुम्काको सिरानमा सिँढीजस्तो देखिन्छ, त्यही थुम्कोमुनि नीलो पानीको अथाह, अपार विस्तार फैलिन थाल्छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

शास्त्र र पुराणले यसको महिमा गाएका छन् भने कविहरू पनि पछाडि परेका छैनन् । यहाँका हाँसले मोतीका दानाको आहार गर्छन्, ठुँडले दूध र पानी छुट्याउँछन् भनी विश्वास गर्छन् । मलाई अहिले मेघदूतका पंक्तिहरूको सम्झना हुन्छ जहाँ विरही यक्षले राजहंस-लाई मेघको सहयात्री बनाएको छ ।

कर्तुं यच्च प्रभवति महीमुच्छिलीन्ध्रामवन्ध्याम्
तच्छ्रुत्वा ते श्रवणसुभगं गर्जितं मानसोत्का:
आकैलाशाद् विसकिसलयच्छेदपाथेयवन्त:
संपत्स्यन्ते नभसि भवतो राजहंसा: सहाया:

जीउ जिरिंग छ, आँखाबाट हर्षाश्रु झर्न लागेका छन् । हिन्दूहरूको सबभन्दा विकट तीर्थ मानसरोवरमा पुग्ने मेरो खानदानमा म सम्भवत: पहिला हुँ । इन्दुको मुखमा हेर्छु उनको यति उज्यालो मुख जिन्दगीमा कहिल्यै देखेको थिइनँ । धपधप बलेजस्तो छ ।

अलिबेर घाम तापेपछिताललाई प्रणाम गरेर स्नान गर्न अघि सर्छु । पितृ र बन्धु सम्झी-सम्झी डुबुल्की मार्छु । अनि जानी नजानी तीर्थश्राद्ध गर्न थाल्छु ।

पूजा सकिएपछि तालको तलमाथि गर्छौं कहीं ढुङ्गा, कहीं भूतकेश (तालको पींधमा उम्रेको घाँस), कतै हाँसका प्वाँख बटुल्छौं । भूतकेशले पनि भूतबाधा हर्छ रे ! ढुङ्गा त देउता भइगए ।

एउटा विचित्र इच्छा मनमा जाग्छ– आज यहीं मर्न पाए कस्तो हुँदो हो ! तर त्यो त पूरा हुँदैन । अर्कोपल्ट कैलाश समेत तिम्रो दर्शन गर्न पाऊँ प्रभो ! यो इच्छा जन्मन्छ । भाग्यमा के लेखेको छ कसलाई थाहा छ र?

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कुसाइतको हिंडाइ

महीनाको आखिरी दिन अर्थात् मसान्तमा कहिल्यै आफ्नो घर वा बास नछोड्नु भन्छन् बूढा-पाकाहरू । गाउँघरमा सो दिन कसैलाई सापटी पनि दिँदैनन्– यस दिनको सापटीले पिछं भन्ने मलाई अनुभव भइसकेको थियो। मसान्तको हिंडाइको फल कस्तो हुन्छ, त्यो त २०३९ चैत्र मसान्तमा साइत गर्दा थाहा पाएँ। नयाँ वर्षको पूर्व दिनमा हिंडेर हो कि त्यस यात्रामा त जिन्दगीमा नखाएको हन्डर खानुपऱ्यो पऱ्यो त्यसपछिका अरू यात्रामा पनि कम सास्ती भएन।

खप्तडतालको स्नान, प्राकृतिक सौन्दर्यले भरिभराउ पुण्यभूमि खेचराद्रिको दर्शन र प्रातःस्मरणीय खपतड बाबासँग अलिकक्षण भए पनि बस्न, सङ्गत गर्न पाइएला भन्ने नाफाको आशाले, कार्यकारण जुरेको वेला डोटी-सिलगढी हुँदै त्यहाँ जाने कार्यक्रम बन्यो। जहाज फेर्ने, सामान ओसार-पसार गर्ने फन्फटबाट पन्छिने चतुऱ्याइँ गर्दै काठमाडौं–दिपायलको सोझो उडानको खोजीमा लाग्दा त मसान्तको दिनमा मात्र पाइयो। (जुनसुकै फ्लाइटमा पनि नेपालगन्ज पुगेर जहाज फेर्नुपर्दो रहेछ र नेपालगन्जबाट डोटीको लागि त्यस वेला दैनिक सेवा रहेछ भन्ने कुरा पनि नेपालगन्ज पुगेपछि जानियो।) काठमाडौंमै नव वर्ष २०४०

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
र त्यसको रमाइलो पूर्वसन्ध्या मनाउन छोडेर नदेखे-नजानेका ठाउँमा जान हतारो केले गराएको हो कुन्नि–अहिले अचम्म लाग्छ ।

दुर्दशाले यसो गरी डोऱ्याइएको म र मेरा साथी ध्रुव मास्साप सो दिन नेपालगन्जमा जहाज फेरेर दिपायल पुग्छौं । यहांको दृश्यावलोकनका साथै वास-गांसको खोजीमा वरपर जतासुकै डुल्छौं । कतै बस्न लायकको ठाउँ पाइँदैन । मान्द्राले वारेका कोठा, नलिपेको, नबढारेको भुइँ, जतासुकै फोहर । कत्ति मन दरो गरे पनि नमान्ने । वास्तवमा सुदूर पश्चिमाञ्चल-विकासक्षेत्रको सदरमुकाम दिपायल विकासमा निकै पछि छ । अन्तमा हार खाई, लाज पचाएर, डोटी हवाइ कार्यालयका एक कर्मचारीको डेरामा जबर्दस्ती पाहुना पस्न पुग्छौं ।

हाम्रो फ्लाइटपछि अर्को पनि आउँछ नेपालगन्जबाट–क्याप्टेन एम. बी. गुरुङको । त्यसपछि भने आकाश कालो मैलो हुन थाल्छ । गुरुङले हाम्रो फ्लाइटका क्याप्टेनलाई 'हिंड जाऊँ' भन्छन् । क्याप्टेन वाटल (तुम्लिङटारमा पर्ने) डराउँछन् र गुरुङको पछिपछि जान डराउँछन् । तर क्याप्टेन एम. बी. गुरुङ अर्कै मान्छे रहेछन् । उनले जहाज उडाए र पहिले पूर्व नेपालगन्ज जान खोजे, तर पछि त्यताको बाटो नपाएर धनगढीतर्फ लागे । यी गुरुङ जस्तो अनुभवी पाइलट त नेपालमा कोही छैन होला– नेपालका नदी-नाला डांडा-कांडा, हिमालका टाकुरा-टाकुरा गाउँबस्ती प्रत्येक चिन्ने क्याप्टेन पनि छैन– अनि यिनी जस्तो निर्लोभी, दयालु र नमातेको सहृदय व्यक्ति पनि अर्को छैन होला । क्याप्टेन गुरुङको फ्लाइट छ भने र आफ्नो म्याद टुङ्गिएको छैन भने केही डर लाग्दैन मलाई । म हुम्लामा प्र. जि. अ. भई बस्दा यिनले मलाई आपत परेको वेला यति पटक गुन लाएका छन् कि के भनूं ? तिर्नै सक्दिनँ । कति घटना छन् कति । एउटा मात्रै भन्छु है त ? काठमाडौंबाट असारमा फर्कंदा एक चोटि नेपालगन्जबाट उडी जुम्ला पुगेर अगाडिको बाटो देखिंदैन भनेर

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ककनुपरको थियो मेल । क्याप्टेन बाटललाई त जुम्ला पुग्ने बाटो पनि स्टेवार्डले देखाएका थिए– कुहिरोले डम्मै थियो बाटो । अर्को फ्लाइट थियो सोमवारको दिन । आइतवार साँझ थाहा पाएँ– सोमवारको सिमिकोट फ्लाइटका क्याप्टेन एम. बी. गुरुङ थिए ।

नेपालगन्जमै पनि मौसम सफा थिएन सोमवार । म छटपटाइरहेको थिएँ । मलाई देखेर टावरमा बसेका गुरुङ तल ओर्ले र भने– एघार बजेसम्म भए पनि तपाईंलाई सिमिकोट पुऱ्याइदिन्छु । मौसम थाहा भएन । मैले फोन गरेर मौसम राम्रो भएको खबर पाएको कुरा गरें । त्यसो भए हिंड्नोस् त भनेर उनले निगमको स्टाफलाई सिमिकोटको लागि तयार गर्न भने ।

जहाज समयमै उड्यो र कुहिरो बादलबाट उम्कन निकै उँचाइ लियो । केही बेरपछि स्टेवार्डले तपाईंलाई क्याप्टेनले क्याबिनमा बोलाउनुभएको छ भने । म गएँ । गुरुङले औंलाले पश्चिमतिर देखाउँदै भने 'ऊ पर सेतै टल्केको सैपाल हिमाल हो । त्यसको दाहिने-तिर घाम लागेको छ । सिमिकोट सैपालको दाहिने पर्छ । नभन्दै सिमिकोटमा चहकिलो घाम लागेको थियो । तर कोल्टी नपुग्दासम्म बाटो कुहिरोले डम्म छेकेको थियो । वृतान्त खप्तडको कुरा सिमिकोट-को । चैत्र मसान्त येनकेन बिताइहाल्यौं ।

संवत् २०४० को पहिलो दिनको अधिकांश भाग पनि दिपायलवरिपरि घुम्यौं । कुन्नि कुन बेलाका राजा दिलीपले बसालेको बस्ती दिपायल र उनले स्थापना गरेको दिलीपेश्वर महादेवको मन्दिर । जमीन उर्वरा छ– उब्जनी राम्रो हुन्छ । ठाउँ औल हो । अब्बल जग्गामा हुने रोग पनि अब्बल । यही अब्बल घसिदै र गएर औल भएको हो कि ? औलोले स्वास्नीमानिसलाई भन्दा लोग्नेमान्छेलाई बढी टिप्छ । औलका स्त्रीजाति हृष्टपुष्ट र लोग्नेमान्छे हुइया भएको देखिन्छ । रोगले नसमाए पनि आलस्यले चाहिं छाड्दैन । यहाँका लोग्ने

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
दिनभरि तासजुआ खेल्ने गर्छन् । स्वास्नीले गाईवस्तु, खेतीपाती, बालबच्चा सबैको काम गरी भान्सामा पनि बस्नुपर्छ । खाना नमिठो भए भकुराइ पनि खानैपर्छ । हवाइ यातायात र धनगढी–दिपायल सडकको सुविधा विकासक्षेत्रको सदरमुकाममा भइरहने निर्माणकार्य । जाँगरी–मेहनतीलाई आफ्नो अवस्था सुधार्ने सहस्र अवसर । तर दिपायलका जनता र खास गरी लोग्नेमान्छेले यी मौकाहरू गुमाइरहेका छन्– विकासको निम्ति अघि सर्ने कुरा त परै जाओस् काम गर्न आऊ भनी बोलाउँदा पनि जाँदैनन् । भरिया, कुल्ली, ज्यामी, गोठाले, सबै स्वास्नीमान्छे । यो जुनी लिनु र कमाराको जन्म पाउनु एकै जस्तो देखें । मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चलको पहाडी भेगमा केही जातिमा कन्याविक्रय गर्ने चलन छ । (भारतको कुमाउँ–गढवालतिर पनि छ ।) किन्न नसक्नेले विहा गर्न सक्तैन । किनेकी स्वास्नी कमारी सरह नै त भई । अनि लोग्ने किन ठालु नपल्टोस् । हुन त लोग्ने-मानिसको कर्म पनि कुन ईखलाग्दो छ र ? घरमा पैसा प्रायशः कसैको हुँदैन । साहुसँग रिन लिएर विवाह गर्‍यो । अनि रिन तिर्न मोग्लान पस्यो । कति वर्षसम्म दिल्ली बम्बई, वा बङ्गलोर आदि शहरमा बर्तन बहादुर वा जागते रहोको काम गरेर बल्ल कति वर्षमा उ ऋण हुन सक्छ । अनि यो लामो अवधिमा उसकी तरुनी स्वास्नी अर्कै केटाले जारी गरी लैजान पनि सक्छ । (विवाह गर्न खर्चिलो पर्ने र अनुपातमा जारी धेरै सस्तो पर्ने हुनाले– रामे बम्बईको लागि हिड्नासाथ राउन्नेले सीतालाई फकाउन थाल्छ– घर फर्कंदा रामेको बिजोगको कल्पना गर्नुहोस् त !

तँ रामेकी स्वास्नीलाई कसैले भगाएको रहेनछ भने बम्बई-बाट फर्केपछि घर बस्दासम्म ऊ ठालु पल्टने नै भयो । छोरी धेरै हुने बाबुको फुर्तीको त कुरै नगरौं– अझै यति छन् भनेर ऋण काढेर मोज गर्छ ऊ त । कन्या-शुल्क लिने प्रकारको विवाहलाई आसुर भनिन्छ र

Digitization by Hindu Heritage Foundation of America. HHFA(USA)
[illegible]
गर्न त कन्यादानको महत्व गाएका होलान् धर्मशास्त्रीहरूले। कन्याशुल्क नलिने समाजमा– प्रार्थी वरलाई कज्याउनु कज्याएर खुशी भएपछि छोरी दिने चलन पनि कतै-कतै (जस्तै हुम्ली कल्याल ठकुरीहरूमा) छ। मध्यप्रदेश (हिन्दुस्तान, बस्तरको अबुझ मण्डिया जातिमा पनि छोरी दिनुभन्दा पहिले केही वर्ष भावी जुवाइँबाट सेवा गराउने प्रथा छ। नेपालमा पनि त घरज्वाइँ बस्नुलाई 'जोइला जानु' भन्ने शब्द छ। केटालाई गोरु मोल गरेझैं मोल गर्ने, कार, टी. भी., फ्रीज आदि सहस्र कुरा हात पारी बल्ल केटो बेच्ने र दाइजोमा चित्त नबुझे अथवा अरू कमाउने लोभ भए बुहारीलाई अनेक यातना दिएर उसका माइती-बाट धुत्नु धुत्ने र लिनु लिइसकिएपछि बुहारीलाई जिउँदै जलाउँदै मार्ने गरेका घटना दिनदिनै भइराखेको देख्दा देख्दै केटो बेच्नु भने ठीक केटी बेच्नु मात्र निन्दनीय कर्म हो भनेर एकपक्षीय निर्णय दिन सकिन्न। दुवै खराब हुन्– अझ गर्हित त केटो बेच्ने काम नै हो भन्न मन लाग्छ।

नजीकैबाट सेती बगेकी छन्। नाममात्रै छ अहिले वर्खाले गर्दा पानी धमिलो छ माटाको रङ्को। तर यही धमिलो भेलले पानी माझीहरूलाई वरदानस्वरूप हुन्छ– बल्छीमा र जालमा वडेमानका सुनौला सहर माछा पर्छन्। सुनौला सहर अरू नदीमा मैले देखेको छैन।

चार बजेतिर, एक जना साथी अघि लाएर सिलगढीको लागि प्रस्थान गर्छौं। केही छिनपछि दर्के झरी पर्न थाल्छ। रुझ्दै भिज्दै उकालो काटेर तीनघण्टामा सिलगढी पुगेर वासको खोजीमा वरपर तल-माथि ओहोर-दोहोर गर्न थाल्छौं कतै पाइँदैन। नव वर्षको पहिलो दिन कर्मचारी पिकनिक जाने चलन रहेछ त्यसैले कोही भेटिँदैन।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
वास खोज्दैमा क्रमक्क रात परिसक्छ । मसान्तको साइतले पहिलो मंगलाचरण त देखाइसक्यो पछि के के हुने हो ?

अनि लाज भुतुक्कै पचाएर नापी गोश्वारा कार्यालयमा पसेर हाकिमकै अफिस कोठामा सामान थन्क्याउँछौं र पापी पेट भर्ने खोजीमा फेरि भौंतारिन लाग्छौं ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

असूर्यंपश्या राजदाराः

फेदीबाट सिरानसम्म पुग्न पैंतालीस मिनेटजति लाग्ने सिलगढीबजार दोहोरो लङ्मा बाटोको दायाँ-बायाँ बसेको छ। टोलहरू पनि इन्द्रचोक, असन, मखन, भीमसेनथान आदि नामका छन् र यहाँका नेवारहरूले आफ्नो मूलथलो बिर्सेका रहेनछन् भनी सम्झाउँछन्. चिटिक्क परेका, लिपेका सफा-सुघर घरहरू, ठाउँ ठाउँमा सिंढी काटेको सफा बाटो। मलाई २०३२–३४ सालको धनकुटाबजारको सम्झना हुन्छ। कमेरोले लिपेका, ढोका-झ्यालमा काली लाएका घरहरूको धनकुटा पनि आँखैमा राखौं जस्तो थियो। तर सिलगढीबजार धेरै ठूलो छ।

युगोस्लाभियाको सहयोगले आएको बिजुलीले झलमल्ल पारेको छ यहाँका पसलहरूलाई। यहाँ निकै चर्को दाममा विदेशी सामान र अरू सामग्री पनि पाइन्छन्। तीनोटा भीडिओ नियमित चल्छन्। फेशन, लिवास सिंगार-पटार रहनसहन सबैले काठमाडौंको दाँजो गरे जस्तो देखिन्छ सिलगढीले। अनि शिक्षामा पनि कम छैन सिलगढी डिग्री–कलेज निकै पुरानो हो। राजनीतिमा त काठमाडौं-पश्चिमका सर्वप्रथम प्रधानमन्त्री नै यहाँका हुन्। मन्त्री त कति छन्। लोक सेवा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

आयोगका अध्यक्ष, सदस्य, सचिवहरू, निर्देशकहरू, प्रमुख जिल्ला अधिकारी लगायत अन्य उच्च अधिकारीहरू कति भएका छन् यहाँ। तर सिलगढी र डोटीको विरुदावली गाउने मेरो मनसाय हैन यो त प्रसङ्ग हो। मेरा आँखा त भकुन्डोले नछोपेको पर्दाले नढाकेको, ग्रामीण सक्कली डोटी हेर्न आत्तिएका छन्। ती अवसर पनि मिल्दै जान्छन्।

नव वर्ष २०४० देखि थालेको पानी तुरतुर पर्दै छ– जिस्किए जस्तै एकछिन रोकिन्छ पनि। हामी नापी गोश्वाराबाट कृषि-भवनमा डेरा सरिसकेका छौं। एउटा साहुको घर विन्तीभाउ लाएर नौ रुपियाँ छाकमा खानाको बन्दोबस्त मिलाएका छौं। कहिले पानी रहला प्रस्थान गरौंला भन्ने उत्सुकता मुटुभरि छ। तर अझै कति दिन रोकिनुपर्ने हो खोइ ?

सिलगढी यस क्षेत्रको बम्बई बनिसके पनि ग्रामीण जन-जीवनको झल्को बेलावेलामा पाइन्छ। वडेमानको फेटाले जटा-लटा ढाकेका कानमा मुन्द्रा लाएका सेतो पहिरनका धामीहरूसित यहीं पहिलो भेट हुन्छ। ठोस वा खोक्रो, बुट्टा नहानेको चाँदीको एलुमिनि-यमको कल्ली हरेक ग्रामीण स्वास्नीमान्छे लाउँछन्। घुँडाभन्दा अलि मुनिसम्म मात्र आउने, मुजैमुजा परेको घाँगर, कसिएको चोलो, समाना भागमा बाँडेर बाटेको कपाल, नाकमा वडेमानको (मुठी छिर्ने जत्रो) फुली (नथिया) कुहिनोसम्म टम्म शिशा, लाख, वा शङ्खका चुरा, सिउँदोको बीचबाट निधारसम्म सुन, चाँदी वा धागाको बुट्टे चेन र त्यससंग जोरिएको सुनपात वा चाँदीको रुपैंयाँ वा दामी पत्थर जडेको उल्लो– यस्तो थियो ग्रामीण नारीको वेशभूषा। कनीकुथी यसरी बयान गर्नुभन्दा च्याट्ट एउटा फोटो दिनुपाए कति सजिलो हुँदो हो– साथमा क्यामरा पनि थियो। तर जिन्दगीमा पहिलोपल्ट आफूलाई नौलो, राम्रो लागेको तस्वीर खिच्न यहीं हात कामे मेरा। कसैको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
अनुहार झलक्क एक सेकेन्डभन्दा बढी हेर्न आँट हुन सकेन ।

यो सबैले मलाई राजस्थानको सम्झना दिलाइरहेको थियो ।

भारतका हिन्दू राज्यहरू विस्तार-विस्तार विदेशी विधर्मी-हरूको हात पर्दै गएपछि र विशेषतः राजस्थानका चित्तौड, मेवाढ र कन्नौजका हिन्दूराज्यहरूको पतन भएपछि आफ्नो धर्म बचाउन दुर्गम पहाडी भेग गढवाल हुँदै नेपाल पसेका ब्राह्मण र क्षत्रियहरूलाई म नेपालका सबभन्दा पछिल्ला आर्य-आगन्तुक मान्छु । धेरै पहिलेदेखि नै कर्णाली प्रदेशमा आर्य-सभ्यता फैलिइसकेको थियो । महाभारतमा सिञ्जा सभ्यताको उल्लेख छ । मनुस्मृति र पुराणहरूमा नेपालको वर्णन पाइन्छ । महाभारतकालभन्दा धेरै पहिलेदेखि नै कर्णाली प्रदेशमा आर्यजाति बसिसकेका थिए । र पारस देशको (पर्सिया—इरान) खसान र अन्य ठाउंबाट हिन्दूकुश र हिमालयको बाटो गरेर पनि बेलाबेलामा कर्णाली प्रदेशमा आउँदै गरेका हुन् भन्ने मेरो धारणा छ । इरानको प्रान्त खसान, अफगानिस्तानको कसगर (खसागार—खसहरूको घर) कश्मीर (खसमीर हो कि मूल शब्द ?) आदि शब्दले पनि यस सोचाइलाई टेवा दिन्छन् । राजस्थान विधर्मीको हात परेपछि नेपाल पस्ने डफ्फा सबभन्दा पछिल्लो हो । दक्षिणी सिमाना क्षेत्रमा एक त पूरा विधर्मीको अधिकार भइसकेको थियो र चारकोसे झाडी र औलले गर्दा दक्षिणतर्फबाट नेपाल पस्नु सम्भव थिएन ।

राजस्थानबाट गढवाल हुँदै नेपाल पस्ने ब्राह्मण क्षत्रियहरू विस्तार-विस्तार पूर्व बसाइँ सर्दै गए । जति-जति पूर्व सर्दै गए त्यति-त्यति राजस्थानी चिह्नहरू भेटिँदै गए । तर केही पहिचान त बाँकी रहनुपर्ने ? कानको गहना मरवाडी (माडवारी) र 'घाँगर' यी दुई शब्द बाहेक मैले अरू अवशेष पाएको थिइनँ, तर डोटी आएपछि धेरै प्रमाण पाइए जसले राजस्थानी सम्पर्कको डोरेटो स्पष्टसंग औंल्याउन सकें ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

एउटा सम्झना त चिठ्ठीको मुखको वारपार हुने गरी लेखिने

७४½ अङ्क र

"जो पाप लाग्छ गउ ब्राह्मण घात गर्दा
सो पाप लाग्छ अरुको चिठ्ठी खोलि हेर्दा।"

ले दिलाउँछ, खास गरी त्यस ७४½ ले । यो चलन आजभन्दा १०।१५ वर्ष पहिलेसम्म जिउँदै थियो । यसको पछाडि एउटा कथा छ– चित्तौड- की महारानी पद्मिनीलाई हात पार्न अलाउद्दीन खिलजीले चित्तौड गढमा आक्रमण गऱ्यो । लाखौं वीरहरूले आफ्नो धर्म र संस्कृतिको रक्षार्थ आफ्नो ज्यान अर्पण गरे । त्यस वेला सामर्थ्य अनुसार सुन वा चाँदीको जनै लाउने चलन थियो । गरीबले मात्र सूती धागाको जनै लाउने गर्थे । (अहिले पनि सम्पन्न, कलकत्ते मारवाडी सवर्णहरू सुन-चाँदीको जनै लाउँछन् ।) छाड्ने भयो त सुन चाँदीका जनै अलाउद्दीन खिलजीले ? तौलँदा साढे चौहत्तर मन भएछ (कसैको भनाइ छ साढे चौहत्तर गारु गाडा भएछ) रे । त्यही बलिदानको सम्झनामा साढे चौहत्तर लेख्न थालिएछ ।

खोज्दै, कौतुकपूर्ण नजरले नियाल्दै मनले नयाँ कुरा टिप्दै गरे पनि दिन टेल्ने समस्या त ठूलो हुन्छ । फुर्संत भए सी. डी. ओ. साहेवसँगै गफ गरौं न भनी म जिल्ला कार्यालय गएँ । उहाँलाई फुर्सतै रहेनछ । केही वेरपछि पचास-पचपन्न वर्षकी एउटा बुढिया र तीस पैंतीस वर्षकी अधवैंसे स्वास्नीमान्छे आए । घाँगर चोलो लाएका– रित्तै खुट्टा । त्यस बुढियाले भित्तालाई सम्बोधन गर्न लागी । तात्पर्य सात आठ दिनदेखि खान पाएका छैनौं भन्ने । सी. डी. ओ. साहेबले "फलानालाई भेटेर कागज बनाउनू भन्नुभयो । 'तपाईंसंग त यो स्वास्नीमानिसले कुरा गरेको हैन' भनें मैले । यताका स्वास्नीमानिस परपुरुषको मुख हेर्दैनन् भन्नुभयो उहाँले । रानीहरूले सूर्य त हेर्न नहुने नियम थियो परपुरुषको के कुरा ।

Digitization by Hindu-Heritage-Foundation of America -HHFA(USA)

"असूर्यपश्या राजदारा:" । यो चलन डोटीमा जिउँदै रहेछ अझै ।

यस्तै चाखलाग्दो घटना त्यसवेलाका नापी-हाकिम लेसुनाउनुभएको थियो । उहाँको घर कास्की पोखरा । चिनेकी ठिटीलाई नजिस्क्याए दुइचार बात नमारी गए कति मातेको मान्छे भन्ने ठाऊँ । नचिनेकाको परिचय माग्ने, चिनेकासँगको परिचय गहिरो पार्ने रसिलो ठाउँका मान्छे दिपायलबाट सिलगढी आउँदा उकालीमा एउटी तरुनीले बाख्रा चराइराखेको देखी एउटा खसी औंल्याउँदै सोधेछन् ।

"ए वहिनी ! यो खसी वेच्ने हो ?"

जवाफ छैन ।

फेरि त्यही प्रश्न, फेरि जवाफमा मौन ।

तेस्रो पटक जोड गरेर सोध्दा तरुनीले बडो मजवूरीसाथ जवाफ दिनुपरेछ– "हाम्रा मालिक त्यहीं माथि वसेका छन् । जारी तिर्नेमा परौला ।"

परपुरुषसँग कुरा गर्दैमा ऊसँग गए बराबर ठहरिने यस अवस्थाले पनि के राजस्थानको सम्झना दिंदैन र ? अनि मैले फोटो खिच्ने आँट के मनले गर्ने ?

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

साहेब, कहाँ, कोसित बस्नुभयो कुन्नि ?

पानीले थाम्ने नाम लिएको थिएन। बजार डुलेर तलमाथि गर्दै दिन बिताउनुबाहेक अर्को काम थिएन।

जिल्ला पञ्चभेला छिटै हुने भएको थियो। पञ्चप्रतिनिधिहरू फाटफुट जम्मा हुँदै थिए। जे. टी., जे. टी. ए. हरू पनि बिस्तारै एकत्र हुँदै थिए। एकै ठाउँमा बसेका मानिसहरूको भाषा पनि छुट्टाछुट्टै देखिन्थे। होटेलहरूमा खाना खाने बिरलै हुन्थे। चिया-पसलमा भने मानिसको घुइँचो देखिन्थ्यो। चियासँग सुखा रोटी खाइरहेका हुन्थे गाउँलेहरू। घरबाट बाहिर जान निस्कने मानिसले यात्रामा लाग्ने दिनको हिसाबमा रोटी बनाई साथै लिन्छन्। आवश्यकताअनुसार गुड पनि हुन्छ। खाने वेला भएपछि पानी पाइने ठाउँ रोजेर बस्यो, गुडसित रोटी खायो, हिंड्यो। यतातिर 'कहाँ बस्नुभयो ?' भन्ने ठाउँमा 'कहाँ रोटी खानुभयो ?' भनिन्छ। आफ्नो वा उपल्लो जातको मानिसले पकाएको बाहेक अरूको हातको भात खाँदैनन्। तल्लो उपल्लो जातको भावना गहिरो छ। जात ठेगान नहुँदासम्म वास पाउन पनि गाह्रो

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA
पर्छ । गाउँघरमा जाने काम परेमा–जनै लाउने अधिकार नभएका जाति पनि जनै भिरेर जान्छन् रे ।

हिजो आज जसलाई पनि नामको अगाडि 'सिंह' जोड्ने रहर चलेको छ । तर 'सिंह' ठकुरीको थर पनि हो । यस्तै, 'सिंह' लेख्न नपर्ने क्षेत्रीले नाम अगाडि त्यो थप्दा चोखा सिंह ठकुरीले "सिङ त जोडिस् पुच्छर कता लुकाइस्" भन्ने कथा चलेको सुनिएथ्यो एकपटक ।

म र ध्रुव दुवै खेर गएका । उपाध्याय बाहुनले नेवारले पकाएको खाने । जात रूखको टुप्पामा गएर झुँडिएन त ? बर्बादै भयो ।

कहिले के कहिले के गरी दिन ठेल्न मजबूर भएको म । भीडिओमा अमोल पालेकरको 'गोलमाल' हेर्न निस्कन्छु उपल्लो बजार ।

फर्कंदा साँझ परिसक्छ । खाना खाइवरी डेरा जाउँला भनी साहुको होटेलमा पस्ने मन गर्छु । सँघार टेक्न पाएको छैन, अँजुलीभरि पानीले छ्यापेर साहुले मलाई रूकाए । म अक्कनबक्क– न बोल्न सकें, न रिसाउन सकें ।

म टोलाएको देखेर साहुले नै मेरो संशयच्छेदन गरे "साहेब कहाँ कोसित बस्नुभएको थियो कुन्नि ?"

म भीडिओ हेर्न गएको थाहा पाएर अनि कोकोसित छोइए हुँला भनी शङ्का गरेर साहुले आफ्नो घर पस्न दिनुभन्दा पहिले मलाई चोख्याएका पो रहेछन् त !

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कस्ता-कस्ता साथी

कुनै दिन रोकिनुपर्छ भनी पानीले बिर्सिसकेजस्तो लाग्न थालेको थियो । तल र माथि, माथि र तल । हो, दिनदिनै भगवती शैलेश्वरीको दर्शन गर्न भने पाइएको छ । ठूलो चट्टानको शिरमा रहेको यो मन्दिर शक्तिपीठ हो । मन्दिरकै फोटो लिनुहुन्न भनेपछि भगवतीको त के कुरा ? यस मन्दिरको पछाडि कालिकाको मन्दिर छ । शैलेश्वरीमा विहान सांझ पूजा-आरती र भजन हुन्छ । रामचरितमानसको नियमित पारायण हुन्छ विहान ।

जिल्ला पञ्चायतबाट एकजना पियनको सहयोग पाउने भयौं । उसले र होटेल मालिक साहुले चाहिने सामग्रीको जोरजाम गर्न सहयोग गरे । नलगी हुँदैन, काम नै चल्दैन भनेर बनेको दिनदेखि नमस्काइएको कालैनकालो, बिर्कोनभएको कुच्चिएको कित्ली (च्यादानी) पनि राखिदिए । पट्टै इच्छा जागेको हैन यो लैजान, तर पछि यो नल्याएको भए भोकै रहनुपर्ने अवस्था आउने कुरा थाहा पाइयो । यसको स्तुतिमा पुरा एकसय आठ श्लोकको स्तोत्र रच्न मन लागेको थियो ।

डोटी र बझाङको भौगर्भिक सर्वेक्षणको लागि औद्योगिक

Digitization by Hindu Heritage Foundation of America, HHFA(USA)

[illegible] सिलगढी आइपुग्यौं । उनीहरूसँग पनि राम्रो चिनजान भयो । हामीसँगै खप्तड जाने भए ।

अनि – हाम्रो पछिपछि लागेर खप्तड जाने सुर कसेको मद्रासी टोली पनि पर्खेर बसेको रहेछ शैलेश्वरी मन्दिर पारिपट्टिको पौवामा र हामीहरूबारे सूचना सङ्कलन गरिरहेको रहेछ । यिनीहरूको सही परिचय के हो, घर कहाँ हो पछिसम्म थाहा पाइएन । के कामले खप्तड हिंडेका हुन् सो पनि गुप्त नै रह्यो । आफ्नो गरीबी र दुःखी अवस्था देखाई सहानुभूति उब्जाएर घर-घर पाहुना लाग्ने, घर नपाए पाटीमा बस्ने र सकेसम्म एक कौडा खर्च नगर्ने, वास-गास सित्तैमा मिलाउने यस जोडासँग पैसा त निकै रहेछ भनी पछि अरू माध्यमबाट थाहा पाइयो । मद्रासमा एउटा ठूलो कारखानामा साझेदारी रहेछ यिनीहरू-को । तर यहाँ भने पाटीमा बसेका खप्तडको लागि सत्तरी असी रोटी र गुड तयार राखेका ।

उनीहरूकै भनाइअनुसार लोग्नेको नाम मुकुन्द ऊ हिन्दू ब्राह्मण । स्वास्नीको नाम गिरिजा– ब्राह्मण वंशकी सीरियन क्रिश्चियन । भारतका क्रिश्चियनहरूमध्ये सीरियन क्रिश्चियन सबभन्दा पुराना हुन् । अंग्रेज, डच वा पोर्तुगीज पादरीहरूले धर्मप्रचार गर्नुभन्दा धेरै पहिलेका । सम्भवतः इसाको चौथो शताब्दीमा St. Mathew बाट दीक्षित भएका ।

एम. एस्सी गरेको मुकुन्दले विज्ञानको अध्यापनको काम छोडेर योगप्रति आकृष्ट भई योग-शिक्षकको काम गरिरहेको । गिरिजा पीएच. डी. गर्न लागिरहेकी । मुकुन्दले सुन्दरलाल बहुगुणा–(गढवालको चिपको आन्दोलनवाला) लाई पनि चिनेका । न तीर्थयात्रा हो, न पदयात्रा हो, यिनीहरू किन खप्तड जानुपर्ने ? तर बाटामा कसैलाई नहिंड पनि त भन्न सकिन्न ।

Digitization by Hindu Heritage Foundation of America, HHFA(USA)

हिमालयको दैनिक मौसम विवरण सरदर एघार सेन्टिग्रेड तल्लो र अडतीससम्म उपल्लो थाहा पाएर सोही अनुसारका एकसरे पोलिस्टर लुगा लिएर हिँडेकालाई यहीं सिलगढीमै त थर्थर पारिसक्न लाग्यो साढे एघार हजार फीटको खप्तड कसरी पुग्ने ? कुनै साथीले सुइटर र कसैले ज्याकेट दिने भए त्यस अवधिको लागि ।

मेरो स्लीपिङ व्याग भने सारै न्यानो थियो प्वाँख–(फीदर)–को । तर सय ठाउँमा ससाना प्वाल परेको । बिहान त्यसबाट बाहिर निस्कँदा कहिले म राजा भोजलाई तर्साउने भूत जस्तो देखिन्थे भने कहिले दन्त्यकथामा– ससुराली हिँडेको सोझो लठ्यौरो जुवाइँ आफूलाई पछ्याउने छायाँलाई पन्छाउन कोट सुरुवाल आदि बकस दिँदादिँदै ससुराली पुग्दा लाज हुने अवस्थामा पुगी लुक्न खोज्दा खुदो राखेको रोंचे (वडेमानको गाग्री) मा पसी त्यहाँ पनि देखिने डर भएर अर्को कोठामा जाँदा कपास राख्ने कोठामा पसेर, जीउभरि कपास टाँसिदा भूतजस्तो देखिए जस्तो देखिन्थें त्यसैले मेरो बिहानीको अधिकांश भाग त्यही थोत्रो स्लीपिङ व्याग टाल्दा बित्थ्यो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA

स्वयंपाको धेरै बाठा

अधिराज्यको विकटतम जिल्ला र त्यसको सदरमुकाम, सोमनि देशभरिको सर्वोच्च सदरमुकाम (९५०० फीट) मा पूरा दुई वर्ष बसी प्रत्येक वर्ष चार-चार महीना हिउँसित पौंठेजोरी खेल्दा पो बल्ल मैले थाहा पाएँ–हिउँसंग लड्न के कस्तो तयारी चाहिन्छ भनेर। नत्र त कहिलेकाहीं परेको असिना देखी खुशी भएर क्वाप्प पाँच–छ डल्ला खाँदै रमाउँदै गर्ने ठाउँको मान्छे मैले हिउँलाई असिनाको दाजु मात्रै मानेको थिएँ। न अंग्रेजीको Snow र Ice मा फरक जानेको, न हिउँ, हिउँखुडो (ससाना डल्ला परेको हिउँ) छारो (तुसारोभन्दा चिसो र केही मैले रङ्गको–तुसारो) र ठारो (जमेर ढुङ्गाभन्दा साह्रो भइसकेको पानी) के हो बुझेको थिएँ। थाहा भएको भए त सिलगढीमा पानी पर्दा खप्तडमा हिउँ पर्छ भनी स्थानीय मानिसले बताएको कुरा पत्याउँदो हुँ। हिउँको त के कुरा आज परेको असिना निकर्पासि पनि बिलाउन सक्तैन भन्दा पनि किन अविश्वास गर्दो हुँ र? अनि त्यस्तो चिसोमा पातलो सोलका, कपडाका जुत्ताको भरमा हिंड्ने मुर्ख्याइँ किन गर्दो हुँ र! हन्डर खाइसकेपछि होश आएर के फाइदा! यस्ताको लागि हाम्रा गाउँघरतिर एउटा मिठो उखान छ– लघुशङ्का पनि गरें,

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
देली पनि देखें। (अशिष्टमा नदरिन 'लघुशङ्का' प्रयोग गरेको छु ।) अनि मेरा सहयात्री ध्रुवजी बिचरा! मजति पनि मुलुक डुलेका थिएनन्। त्यसैले हाम्रो सहयोगी राइमान साउँदले अरू दिन दुई पर्खनुपर्छ भन्दा पनि मेरै जिद्दीले हिड्ने भइयो।

म हतारिनुपर्ने कारण पनि थियो। सिलगढीमै बसेको नौ-दश दिन भइसकेको थियो। नव वर्ष चैते दसैं र रामनवमी यहीं मानिसकिएको थियो। साना थेर स्कूले नानी कविता र देवेन्द्र काठमाडौंमा थिए; ठूली छोरी गीता र उनकी आमा पहाडघर। फेरि वैशाखमा पनि हिउँ पर्छ र बाटो छेकिन्छ भनेर कसले पत्याउने थियो र काठमाडौंमा। म आफैंले पनि यहाँ नआएको भए दिपायलको अधिकतम तापक्रम ३३–३७ डिग्री सुनेपछि त्यसको सिरानमा माइनस पाँच छ डिग्री सेन्टिग्रेड होला डमक्क हिउँले ढाकेको होला भनी विश्वास गर्ने थिएँ त। चार भन्ज्याङ नछोडेका अथवा सो बाहिरका नगरहरूमा हवाईजहाज र मोटरबाट पुगेका हाकिमहरूलाई र हिसाब जाँचकीहरू, जसले एक पटक घोडालाई दैनिक खुवाउने हरियो घाँस (दिनदिनै काटेर ल्याउने) खरीद आदेश नभएको र स्टोरमा आम्दानी नबाँधेको र माग फारम नभरीकनै खर्च गरेको भनी बेरूजु निकालेर मलाई आच्छु-आच्छु पारेका थिए– लाई कसरी पत्यार पार्न सकिन्थ्यो र? त्यसैले शुभचिन्तकहरूले अहिल्यै नहिँड भन्दाभन्दै पनि....... .. . .
अब सहयोगी 'साउँद' को बारेमा सोच्न थालें। 'साउँत' भनेको हाम्रो गाउँतिर सार्कीलाई खुशी पार्न बोलाउने थर हो। कतै एल. डी. ओ. साहेबले। अनि कतै डाक्टर हर्क गुरुङ हिस्स पर्न परेजस्तो त भएन। एक ठाउँमा डाक्टरलाई हर्की साथीलाई दिएछन्। ए मेरै नामवाला परेछ, यो पनि हर्के म पनि हर्के भनेका डाक्टरले पछिमात्र थाहा पाएछन्, 'स' लाई 'ह' बोल्ने ठाउँमा त हर्के हैन रहेछ साथी, सार्की पो परेछ। (डाक्टर गुरुङसित करबद्ध क्षमायाचना सहित

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
Vignettes of Nepal बाट) यतातिर साउँद भन्ने थर हुँदो रहेछ क्षेत्रीहरूको । हो, औद्योगिक साथीहरूले भने अछुती भरिया जो लिएछन् ।

सिलगढी बजारको सिरान नाघेपछि गोठी डाँडा– (पिकनिक मनाउने ठाउँ)– सम्म उकालो छ । त्यहाँबाट तेर्छैतेर्छै गएपछि बल्लेजुडो (बल्ल=गोरु, जुडो=जुरो) को उकालो छ । छपक्क छायाँ दिने रूखमुनिबाट जाने यो उकालो ठाडो भए पनि अत्याउँदैन । वैशाख महीनामा पहाडी वनमा डुल्न गइयो भने के को लागि ? काफलको लागि । तर काफल यतातिर हुँदो रहेनछ ।

पुगनपुग, हामीलाई, हामीजस्ता हिँड्न नसक्नेलाई दुई घण्टाको छ यो उकालो । त्यसपछि तेर्छै–तेर्छो हिँडेपछि एउटा लामो चौरमा पुगिन्छ । यस चौरमा एउटा दोकानभट्टी छ । हामीले पनि फर्माएर (अनि केही अल्छीपना र केही होटेलवालाको पाककलामा विश्वास गरेर) खानाको अर्डर दिन्छौं । मोटा चामलको ऐया पनि नगरेको भात, केराउको काँचो दाल र ब्रोका पनि नछोडाएको अ.लुको पिरैनपिरो चर्कैनचर्को तर्कारी धकेल्नुपर्दा– धिक्कार छ आफ्नो आलस्य-लाई, आफै जाँगर गरेको भए यसै सर्जामबाट धेरै मिठो भान्सा तयार हुने थियो भन्ने लाग्यो । हाम्रो घरतिर हिजो-आज मेरी आमा, काकाहरू, काकीहरू, र अरू केही बूढापाकाहरू आफ्नो भान्सा आफै बनाउँछन् सकी-नसकी । त्यस्ताको लागि स्वयंपाकी शब्द चलेको छ, तर म मिठो पाकी भनेर जिस्क्याउँछु । स्वयंपाकीहरू भने "तिमी केटाहरू कहाँ-कहाँ गएर कस्ता–कस्ता तल्ला जातले पकाएको के के खान्छौं, तिम्रा जोईहरू पनि एउटै थालमा खान्छन्– त्यसैले तिमीहरूले पकाएको त के बुहारीहरूले पकाएको खाए पनि हामी भ्रष्ट हुन्छौं ।" भन्छन् । यी स्वयंपाकीहरूको खुट्टो तान्ने अनेक तर्क र उपकथा मसित छन् र वेलावेलामा मुखभरि जवाफ पनि दिन्छु । तर अहिले त फुक्फुली

G. NO 808

Digitization by Hindu Heritage Foundation of America, HHFA(USA)

[illegible]हरूलाई सम्झन पुग्छु । कति पाका र बाठा उनीहरू ।

अफ होटेलवालालाई अर्ती दिन छाड्दिन म । खाना बनाउन समय कम भए दाल–तरकारीमा अलिकति खाने सोडा मिसाए छिटो पाक्छ भनी सिकाउँछु । तर के काम लाग्छ र अर्ती ! फर्कंदा रातको बास त्यसै होटलमा पर्छ मटितेल मिसिएको काँचो तरकारीले तीन-चार दिन थलै पार्छ ।

तेर्छो बाटोमा, साउँदले, अनेक कथा-प्रसङ्ग झिकेर हँसाउँदै-हँसाउँदै हिंडाउँछ । साँझ चार बजेतिर तोकिएको बास झिगडाइनको पौवा पुगिन्छ । निहुरेर पस्नुपर्ने, ढुङ्गाको छानो, माटाको भूइँ भएको, भुइँतले पौवा । सिलगढीमा त झिगडाइनमा होटेल–दोकान छ, भात, रोटी, पुरी जे पनि खान पाइन्छ र ओढ्ने ओछ्याउने पनि मिल्छ भनेर निकै आशा दिलाएका थिए । तर यहाँ त दोकानै बन्द थियो । अनि ?

साम-दान-दण्ड-भेद प्रयोग गरेर वरपरको दोकानबाट पकाउने भाँडा र नून तेल निकालिन्छ । पहिले साहुको कित्लीमा चाउचाउ पकाएर, गिलासमा, पालै-पालो गरी खान्छौं तावा छैन तर बुद्धिमान् साउँदले सिलेट–ढुङ्गाको तावा बनाएर रोटी पकाउँछ । मेरो धनकुटे खुकुरीले दाउरा काट्ने, तरकारी बनाउने आदि अनेक काम गर्छ । एकै चोटमा बलि छिन्न पनि पछि परेको छैन । राति यो सिरानीमुनि हुन्छ । तर अहिलेको चर्को समस्या अर्कै छ । हिजो हिंडेर आज आइपुगेको मद्रासी जोडी पनि यसै पौवाको दावीवाल हो । परेला जोर्न आफुलाई पनि ठाउँ चाहियो । कहिल्यै कुचो नलाएको हुँदा धुलोले गोलीगाँठा डुबाउँछ । तीनढुङ्गे चुला र खरानी जतासुकै छ । बाठा साथीहरू खरानी कम भएको ठाउँ हवपत ओगटिहाल्छन् । मेरो र ध्रुवको भागमा चुले ढुङ्गा र खरानी । ढुङ्गा पन्छाएर र खरानी-माथि सुकेका सेउला बिछाउँछु, ढुङ्गाको सिरानी लिन्छु । अनि बिट नसिलाएको लुंगी झिक्छु झोलाबाट । आज यसले तन्नाको काम गर्दै छ ।

Digitization by Hindu Heritage Foundation of America. HHFA(USA

प्रयोगमा कहिले [illegible], कहिले पटुका, कहिले रुमाल, कहिले थैलो, कहिले च्यादर र समय-समयमा बाहुनको, दाल पकाएको चौका–भान्सामा फट्ट फड्कन मिल्ने धोतीको काम दिएको छ यसले। मेरो यस खुला लुंगीलाई सहस्र आसीक र धन्यवाद दिदैं, अझ केही अरू वर्ष चलोस् भन्दै हिन्दी कवि गिरिधारीको लाठी-महिमा "लाठी में गुन बहुत हैं सदा राखिए संग" को अनुकरणमा

"धेरै थरी काम दिन्छ खुलाविटे लुंगी
बाटो लाग्दा नबिर्सेर आफ्नो मान्नोस् संगी"

भनी आफ्नो आशुकवित्वको फुर्ती लाएर, जिन्दगीभरिमा अहिलेसम्मको सबभन्दा अप्ठचारो सुताइमा कविशिरोमणि लेखनाथको कविले जस्तै "अब शरण ल्यौ शङ्कर भनी" पल्टें। अचम्मको आरामले नींद लाग्यो। शरीरलाई जस्तो तालीम दियो उस्तो हुन्छ। आमा भन्नुहुन्छ "जस्तो पऱ्यो अवस्था उस्तै भिज्यो शरीर"।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

डोटीकी मनकामना भगवती

हामी वास बसेको पौवाबाट बायाँ जाने थलहरा हुँदै बझाङको सदरमुकाम चैनपुर पुग्छु । खप्तडको लागि अगाडिको ठाडो उकालो । वन प्रदेश शुरुहुनुभन्दा पहिले काठको सूचना-पाटीले 'खप्तड राष्ट्रिय निकुन्ज भन्छ ।

अब खप्तड आश्रम नपुगी कतै वास पाइएला भन्नु छैन । जहाँतहीं चिया पकाउने ठाउँ पनि पाइनेछैन । साउँद हामी सातजना-को लागि विहानै रातो चिया र चाउचाउ खुवाएर सिलेटमा रोटी बनाउन थाल्छन् । चिया हामी मद्रासीहरूलाई पनि दिन्छौं । तिनीहरू रोटी पनि गनी-गनी खान्छन् । अब जम्मा....... बाँकी रहे', भन्छ मुकुन्द । उसलाई रुघाको जरो आएको छ हनहनती तर मैले दिएको ओखती खान मान्दैन ऊ । प्रतिजैविकी (एन्टिबायोटिक) ओखतीले नाफाभन्दा बढी नोक्सान गर्छ । सकेसम्म वेथालाई आफै निको हुन दिने नभए प्राकृतिक चिकित्सा गर्ने र केही नलागे आयुर्वेदीय गर्नुपर्छ रे । एम. एस्सी. गरी योग सिकेर, योगशिक्षक भएको मानिसले आधुनिक विज्ञान आयुर्वेद र योगको तुलना गरेर नै भनेको होला, ठीकै होला । ज्वरले थला परेको भोग्नेले एक्लै बडेमानको रुकस्याक सकीनसकी

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA
बाँकेको र स्वास्नी फुत्त‌ुङ-फुत्त‌ुङ रित्तै हिँडेको देख्दा मुकुन्दको जोइटिग्रेपन मलाई पटक्कै मन पर्दैन . तर मलाई केको खाँचो। अनि मैले देखेको छु प्रायः सबै धोती .. जोइटिग्रे नै हुन्छन्। तर दुई कुरामध्ये एउटा कुरा गम्भीरतापूर्वक बुझिरहन्छु म– उसको ज्वरको बारेमा। अर्को कुरा उसलाई जिस्क्याउन सोधिरहन्छु– मुकुन्द ! अब कति रोटी बाँकी छन् ? जे जस्तो भए पनि ऊ जो भए पनि मान्छे नराम्रो भने हैन, भलै माखाको पित्त निचोरेर माना पुऱ्याउनेवाला किन नहोस्।

सिलगढी वरिपरिका डाँडाहरूमा अभ्रक –(Mica)– को भण्डार रहेछ। यो अभ्रक शायद माटाको मोलमा इन्डिया पस्छ र दश गुना बढी दाम लागेर फर्कन्छ। दालचिनी, शिलाजित् र अरू जरी-बुटीको कथा यस्तै त छ नि।

चाउचाउमा मिसाउने कुरा थिएन– दोकानमुनिको बारीमा भोटे लसुन फुलेको थियो। बाह्रवटा बोट उँखोलेर केही तुरुन्तै प्रयोग गऱ्यौं केही पछिको लागि राख्यौं। आठहजार फीटभन्दा बढी अग्लो फिगडाइन पनि भोटै त हो, त्यसैले लसुन राम्रो फल्छ। खप्तडबाट सिलगढी ओहोर-दोहोर गर्ने हुलाकीलाई एक बुटाको सुकाको दरले तीन रुपियाँ दोकानेलाई बुझाउन जिम्मा दिन्छौं। उसैबाट थाहा हुन्छ– साहु त नयाँ स्वास्नीलाई माइती पुऱ्याउन गएको रहेछ। दाम परेको माल कुनै छट्टुले पड्काइदियो भने ?

बाटो छोटो पर्छ भनेर साउँदले हामीलाई गोठाले गोरेटो उकालो हिँडाउँछ, कतै रूखका जरा, कतै ढीक, कतै ढुङ्गा समाउँदै सकीनसकी लाग्छौं। मूलबाटो त फर्कंदा मात्र ल्याउँछ उसले। फराकिलो, सजिलो तर फेरो रहेछ।

अलि माथि निस्केपछि असिनाका खात फेला पर्दै जान्छन्। जति माथि गयो, उति बाक्लो। लकँदै, लत्रँदै, घस्रँदै स्याँस्याँ गर्दै जाँदा चार घण्टा जतिमा चोर्याँ काढ्ने ओढार पुग्छौं। खप्तडवनमा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

निगालोघारी बाक्लो छ र यिनमा प्रकृतिले नै छिर्केमिर्के बुट्टा भर्छिन् । तर मास्दा मास्दा निगालोघारी निक्कै पातलो भइसकेछ । डांटीमा बाँस कि त छैन कि मैले देखिनँ । छ भने पनि विरलाकोटि छ होला । त्यसैले डोको बुने पनि निगालो, सुपो (खाँचो छैन नाङ्लो भन्न । संस्कृत 'शूर्प' बाट सुपो आयो । सुपोजस्तो नङ हुने शूर्पणखा । नाङ्लो-को नलीवेली खै ?) मान्द्रो, थुन्से, भकारी आदि धेरै थोक बनाउँछन् निगालाबाट । कति दिन चल्ने निगालो ? निगालाको चोयाँ काढ्ने ठाउँ भएकोले चोयाँ काढ्ने ओढार ।

चिया बिस्कुट खाई आराम गरी तेर्छौं बाटो लाग्छौं । अब त असिनाको खातबाट उम्कने ठाउँ छैन बाटै ढाकेको छ । पहिले जुत्ता लछप्पै हुन्छन्, अनि मोजा । किन नहोस् असिनाले पिडौंला डुबाउन लागिसक्यो । खुट्टाका औंला कठांग्रिन लागेको अनुभव हुन्छ । एउटा साथीले सल्लाह दिन्छ– प्लास्टिक कागत वेह्रिन । र एक ठाउँमा केही छिन रोकिएर भित्र प्लास्टिक कागत राम्रोसँग वेह्री मोजा जुत्ता लाउँछु । केही बिसेक अनुभव हुन थाल्छ ।

यस्तो कष्टमय यात्रामा पनि एउटा कुराले भने सारा दुःख विर्सन सघाएको छ । त्यो हो गुराँसको बाक्लो वन । अधिराज्यभरि यति बाक्लो र नविथोलिएको महाभारतलेखको वन अन्यत्र कहीं छैन । पोखरा–जोमसोम बाटोमा पर्ने घोडेपानीको वन त धेरै पातलिइसकेको छ । गुराँसका यति वडेमानका रूख पनि अन्यत्र कहीं छैनन् र यहाँको जस्तो गुराँस-फूलको विविधता पनि अन्त कतै छैन । सेता, पहेंला, राता, गुलाफी, अनि सबै रङको छिटा पारेर बनाइएका जस्ता छिर्केमिर्के । कठ्याउने जाडो सहेर, कतै कतै घुंडा डुबाउने असिनामा भासिने गरी भित्र पसेर पनि धोको पुग्ने गरी फोटो खिच्छु । अझ असिनाले यी फूललाई चुट्न नपाउँदै यहाँ आउन पाएको भए कस्तो हुँदो हो ?

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

यो, खप्तड-वन अभयारण्य हो। यसको परापूर्वकालदेखि चलिआएको नाम, सिद्धको वन हो। निगालो बाहेक अरू जम्मै बोट बिरुवा र पशुपंछीले यहाँ अभय पाएका छन्, त्यसैले निर्धक्क बाँचेका छन्, हुर्केका छन्। सिद्धको अर्थ=स्वयं देवाधिदेव महादेव। मानिसबाट यहाँका प्राणिजगत्लाई मात्र अभय दिनुभएको छैन भगवान् शङ्करले, पशुहरू (बाघ, भालु, वँदेल, चितुवा आदिले पनि यहाँ मानिसलाई आक्रमण गर्दैनन्)। हामीले आफै कैयौं ठाउँमा वँदेलका आलो पाइला-का डाम अघि लागेको देख्यौं र एक–दुई ठाउँमा बाघको ताजा विष्टा पनि। हामीसँग केही हतियार थिएन, तर वरिपरि कतै बाघ छ भन्ने पक्का हुँदा पनि हाम्रो मनमा डरले ठाउँ पाएन।

अभयारण्यको यस मर्यादालाई, डोटीका एक बडा हाकिमले, उल्लंघन गर्ने धृष्टता गरेथे रे? शुभेच्छु र आसेपासेले हुन्न भन्दाभन्दै पनि यस वनमा शिकार खेल्न पस्दा जोगी-जोगिनी प्रकट भएर यहाँ हिंसा नगर भन्दा पनि नमानेर एउटा मिर्गलाई हानेछन्। मिर्गलाई गोली पनि लाग्नु र शिकारी अचेत भई लड्नु पनि सँगै भएछ। दौडा-दौड गरी उपचारार्थ सिलगढी पुऱ्याइएका बडाहाकिम अचेत अवस्थामै मरेछन् रे। त्यस दिनदेखि यस वनको पवित्रतामा कसैलाई सन्देह रहेन।

मार्ने–हान्ने कुरा त परै जाओस् यस वन क्षेत्रभित्र कुनै पनि कुकर्म गर्न र अपशब्द प्रयोगसमेत गर्नुहुन्न, तुरुन्तै सजायँ पाइन्छ भनी विश्वास गर्दा रहेछन्।

शायद साढे तीन बजेदेखि, फेरि असिना पर्न थाल्यो। रुफ्दैभिज्दै जसरी भए पनि आज खप्तड पुग्नुपर्छ भन्ने अठोट सबैको थियो। तर त्यस अठोटभन्दा विकराल हुँदै तेर्छिंदै गए, बाटामा बाधाहरू। असिनाले डमक्क पुरेको बाटो पहिल्याउन पनि गाह्रो। बाटामा पाइला नपरे कम्मरसम्मै डुब्ने गरी असिनामा भासिइन्छ

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बेलावेला । जीउनै कठांग्रिन्छ । असिनाले, चिसो हुरीको मदतबाट ढालेका विशालकाय गुराँसहरू बाटोमा तेर्छिंदै जान्छन् । अब अघि नबढ भनेजस्तो वा तिमीलाई खप्तड जाने अनुमति छैन भने जस्तो । नजीक आउँदै गएको रात । यस्तैमा लड्दै पड्दै र अझ वेला-वेलामा ठट्यौली गर्दै साँझ पौने छ बजेतिर गुडगुडेको ओढार पुग्यौं । त्यहाँ पुग्दासम्म चिया खाने र केही बेर आराम गरेपछि अगाडि बढ्ने विचार थियो । जङ्गलमा, सुकेका मुढा र हाँगा-बिंगाको पहुल थियो । आगो बाल्यौं । अनि मैले जुत्ता मोजा र प्लास्टिक कागत फुकालें र खुट्टा सेकाउने विचार गरें । औंलाजति रक्तहीनताको अवस्थाबाट निलोपनामा पुग्न लागिसकेका । यस्ता औंला आगोमा सेकेपछि त झन् पाकेको आँपलाई झटारो जस्तो हुँदो रहेछ– साउँदले बतायो । मालिशले फाइदा गर्दो रहेछ र त्यसै गरें । चिया खाँदा-वर्दा सवा छ बजिसक्यो । कसिएर हिंडे पनि आश्रम पुग्न अझ दुई घण्टा लाग्ने । यस ठाउँको उँचाइ दशहजार फीटभन्दा केही माथि देखाउँदै थियो अल्टिमीटरले । अनि असिना थामिएर हिउँ पर्न लाग्यो ।

चिया कित्लीभरि नपकाए नपुग्ने । कित्लीभरि असिना कोचेर आगोमा बसाल्यो असिनाको आधाजति हुन्छ पानी । तीनपल्टमा बल्ल कित्ली भरिएजस्तो भयो र सबैलाई चिया पाक्यो । चियापछि कित्लीको माँग भयो मद्रासी जोडीबाट रोटी सकिन लागेकोले खिच्चडी पकाएर खाने रे । पग्लिने पऱ्या दिनैपऱ्यो । हिउँको जोड बढ्दै गयो । रहे-बचेको आँट यसले र हुरीले सिध्यायो । हुरीले हिउँलाई ओढारभित्र ठेल्न लाग्यो । कित्ली खाली त भयो तर अब हिउँले पकाएर खान दिएन । सबै टाठाबाठाले झ्यापझुप्प म्यानो कुनाकन्तरा सुरक्षित गरिहाले । झिंगडाइनेको पौवामा जस्तै म र ध्रुव फेरि ठगियौं– सबभन्दा बाहिर पऱ्यौं । स्लीपिङ ब्यागभित्र त पसियो, तर हिउँको मार खप्दा-खप्दा त्यो पनि चिसोभन्दा चिसो हुँदै गयो । गुटमुट

Digitization by Hindu Heritage Foundation of America. HHFA(USA)

[illegible]– एक दोस्राको जीउको गर्मीले न्यानो पार्दो रहेछ । दायाँ-बायाँ सल्काएका बडे बडे मूढाले पनि केही न्यानो निश्चय दिए होलान् । लामो-लामो सास तान्दै छोड्दै गरेपछि जीउमा गर्मी बढ्छ भनी मुकुन्द-ले सिकायो ।

हिउँ परेकै छ, हुरी चलेकै छ, बिजुली चर्केकै छ– आकाश कालोनीलो छ । आठ बज्यो, साढे आठ बज्यो, नौ बज्यो र साढे नौ पनि भयो । अब त दाँत पनि कटकट बज्न लागे, जति रोके पनि । यसै हिसाबले अझ दुई घण्टा हिउँ परिरहने हो भने त दुई-तीन दिनपछि सिलगढीबाट हामीलाई खोज्न टोली आइपुग्नेछन् भनी सोचें ।

हिक्क हिक्क हिक्क बाडुली लाग्यो । म यहाँ यस्तो अवस्था-मा छु भन्ने कसलाई थाहा होला र कसले सम्झ्या होला ? के लाग्यो कुन्नि– क्रिश्चियनहरूले जसरी आखिरी वेलामा ईश्वरको प्रार्थना गर्छन्, त्यही गरौं, रामनाम जपौं सबैले आफ्नो इष्टदेवता सम्झ, भगवान्को नाम जप भनें– (टोलीनेता मै न भएँ ?) कसैले सुन्ने गरी कसैले मनैमन देउता पुकार्न लागे । म मनैमन.........पाठ गर्न थालें । अचानक के सम्झना भयो कुन्नि सबैले सुन्ने गरी मनकामना भगवतीलाई गुहारेंछु मैले "हे भगवती ! यस सङ्कटबाट बचाइदेऊ, म पहिलो अवसरमा तिम्रो दर्शन गर्न आउनेछु ।" जीऊ जिरिंग रोमाञ्च भयो । मलाई विश्वास भयो मेरो प्रार्थना भगवतीकहाँ पुगेछ ।

यसको आधी घण्टाभित्रै हिउँ पर्न छाड्यो, हुरी सेलायो । बिजुलीको गर्जन बन्द भयो । आकाश छङङ निर्मल भयो । अब त बाँचियो ।

बिहान साउँदले "साहेब ! हजूरकी भगवती ठूली रहिछन् । हजूर दर्शन गर्न जाँदा मेरो नामबाट पनि धूप बालिदिनुहोला" भन्यो । (काठमाडौं पुगेको पहिलो शुक्रबार साँझ मजुवा खैरेनी पुगेर शनिबार भगवतीका शरणमा पुगें म ।)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

यता–हाम्रो सामल सकिनै लागेको थियो। अगाडि बाटो हिउँ र असिनाले डमक्कै थियो। त्यसैले "पछि फर्किऍ" नगरी घर पाइएन। काथर भने भन्नोस्। फनक्क फर्केर चोयाँ काढ्ने ओढार पुगेर रहलसहल खाना खाएर, सजिलो बाटोको ओरालो लाग्यौं। फनक्क फर्केर हेरें आफू पुग्न नसकेको ठाउँतिर– हिउँ परिरहेको थियो। कहिले जालान् भनी पर्खि बसेको रहेछ।

यस अपूर्ण यात्राको लागि एउटा प्रसिद्ध गीतको छायाँ बनाएर यसरी गाएँ मैले–

खप्तड पुग्न त मन थियो,
हिउँ र असिनाले छेकिदियो,
टाढैबाट दर्शन छ,
खप्तड तीर्थको

कुसाइतको हिंडाइ यस्तै अमङ्गलकारी हुँदो रहेछ। घर पुग्दाकै दिन एउटा अर्को हृदयघाती खबर सुन्नुपऱ्यो।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA

कच्चा सल्लाहले गर्दा

केही थाहा नभएर पनि वुज्र्कपना देखाउनुपर्ने साथीको सल्लाह मान्यो भने न्यूरोडको बीचमा पनि भास हुँदो रहेछ– यो कुरा अनुभव भयो मलाई- डुम्रे भन्सार घनपोखराको पदयात्राबाट फर्केपछि। छाप्दी वाराही भगवतीको दर्शन गर्ने इच्छाले डो-याइएको थिएँ म। भगवतीको प्रसिद्धि मन्दिरको पोखरीमा रहेका बाममाछाले पनि बढाइदिएका छन्। वलि दिएको कुखरा, हाँस, परेवा आदिको टाउको यी माछालाई दिनुपर्छ। यिनले, साँचो मनले चढाएको प्रसाद ग्रहण गर्छन् र विनाश्रद्धा दिइएको टाउको कि लिदै-लिदैनन्, कि लिएपछि पनि ओकल्छन् रे। यसैले तानिएर मौकामा यो तीर्थ पनि हेरौं भनी मेरो एउटा यात्राको सहयात्रीसँग डुम्रेमा मैले छाप्दी वाराही जाने बाटो सोधें। डुम्रे र दमौलीको बीचमा पर्ने बस-बिसौनी छिकिनी वेसीको बाटो एकदम सोझो बताए उनले। आफैं भने गएका रहेनछन्। तीन बजेतिर डुम्रेबाट बस चढें र दोहो-याई तेहो-याई छिकिनी वेसीमा बस रोकिदिन अनुरोध गरें। बीसेक मिनेटमा बस त्यहाँ पुग्यो। दुई-तीनोटा स-साना पसल रहेछन्। खाना खाने वास वस्ने होटेल नाइँ। डुम्रे र दमौली बीचमा बसलाई एक घण्टा लाग्छ होला। यी दुई ठूला

Digitization by Hindu Heritage Foundation of America: HHFA(USA)

[illegible] भएन । बसस्टपमै पसलेहरूसित र बाटामा भेटिने प्रायः सबै गाउँले दाजुभाइसित मन्दिर जाने बाटो सोद्धै छु, उज्यालो मन र हलुका रुकस्याकसँग दह्रा पाइला चाल्छु तेर्छो बाटोमा ।

केही बेर हिंडेपछि पुरोहित पण्डित जस्ता देखिने एकजना छाँटिला बाहुनले कहाँ जाने, किन जाने, घर कहाँ हो आदि अनेक प्रश्न पड्काउन लागे । सोझो मनको, अझ तीर्थयात्री म, केही कुरा लुकाइनँ । बीचमा डरलाग्दो जङ्गल छ, रातमा डाँका लाग्छन्, धेरै अबेला भइसक्यो, एक्लै नजानोस् भन्न लागे उनले । एक जना साथे (संगै हिंडेको आफू बराबरको साथी । हलुका झोला बोकेर, ज्याला लिई सहयात्रा गर्ने साथे) खोजिदिनुहोस्न भनी मैले अनुरोध गरें । पण्डित-जीले बाटामा भेटिएका एक-दुईजनालाई अह्राएजस्तो पनि गरे, तर उनीहरूले मानेनन् । रुकस्याक गह्रौं थिएन त्यसैले मैले उसै दिन पुग्ने आँट छाडेको थिइनँ । तर उनी रात पर्न लाग्यो, बाटामा डाँका लाग्छन्, आज मेरै घर वसौं भनी बारबार जिकिर गर्न लागे । पण्डितजी भेटिनुभन्दा पहिले पनि केही घर-मालिकहरूले जङ्गलमा बाघ र डाँकाको त्रास देखाएर आफ्नो घर राख्न नखोजेका हैनन्, तर मैले विश्वास गरेको थिइनँ र खुरुखुरु हिंडेको थिएँ । अनि त्यही कुरा पण्डितजीले दोहोऱ्याउँदा हो कि भन्ने झैं लाग्यो । अटेर गरेर हिंड्दा जङ्गलमा केही भइ पो हाल्छ कि भनेर मन दोधारे भयो । पाहुना लागेर बस्न मलाई हद अप्ठ्यारो लाग्छ । तैपनि डाँका र बाघले मलाई तर्साइहाले । मन मारेर पनि पण्डितजीको घर पाहुना लाग्न बाध्य भएँ म । बुझ्नुपर्ने घोर कलियुगमा नचिनेका मान्छेलाई वास बस्न अनुरोध कुन गृहस्थले गर्छ— भानुभक्तकी सोतिनीले मात्रै हैन घरबेटी नानीले पनि आफ्नो पोइलाई नचिनेर— आँगन, पिंढी, कोठामा वास नदिन अनेक कुरा दर्शाउँछन् र "अरूमा भाए ओढ्ने ओछ्याउने, हामीलाई

क्यै त क्यै" भन्न बाध्य हुन्छ होला।

Digitization by Hindu Heritage Foundation of America. HHFA(USA

यस गाउँलाई घाँसी कुवा भन्दा रहेछन्। चुँदी रम्घाबाट तनहुँको सदरमुकाम दमौली पुग्ने पुरानो मूलबाटोमा पर्दोरहेछ यो। घाँस दाउरा गर्न वन जाने गाउँलेले प्यास लागेको वेला उपयुक्त ठाउँमा खोस्रेपछि पानी निस्कँदो रहेछ र यस्ता इनार जङ्गलभरि नै यत्रतत्र रहेछन्। तर घाँस वेच्ने चलन भने अहिलेमात्र हैन परापूर्वमा पनि रहेनछ। पश्चिमाञ्चलमा बाटाघाटा लागेका घोडचढीले सयस पनि सँगै लिएर हिँड्छन्। सयसले मालिक र घोडा दुवैको स्याहार गर्छ। गाउँघरमा हरियो घाँस बेच्ने चलन छैन– दिए सित्तैमा दिन्छन्। हरियो घाँस नभए पराल वा कोदाको नल आदि राखिदिन्छन् निःशुल्क। सारै निर्धिनीले मात्र नल-परालको दाम लेला। घाँस काटी बेचेर आजीविका चलाउने मानिस पश्चिमाञ्चलमा त पाउन गाह्रै पर्ला- अझ भानुभक्तको समयमा। हो, भट्टजी बसेको बनारसमा गाईलाई घाँस खुवाए धर्म हुन्छ भन्ने विश्वासमा केही धर्मात्माहरूले (कुन टोलमा हो कुन्नि) घाँस किनेर गाईको अगाडि राखिदिन लाउँछन्। त्यस दाताले पिठ्यूँ फर्काउनासाथ– गाईको मुखको वुजो पनि खोसेर फेरि आफैंसित। गाई पनि तयारी पोजिशनमा हुन्छन्– हरिद्वारमा वा सूर्यचन्द्र ग्रहणको समयमा आर्यघाट, गौरीघाटमा दान हुन तयारी सिंगारिएको बाच्छी-जस्तै। जसको बाच्छी उसैसित किनेर उसैलाई दान दिने– क्या बात। शायद दानको घाँस खाने ती गाई घाँसीकै पो हुन्छन् कि ? पराईका भए मुखको वुजो किन खोस्न दिन्थे त ? असन, धरहरा, अटकोनारायण-थानकी फूलनदेवी गौमाताले कसरी झम्टन्छिन् आफ्नो आहारा। माताजीको दन्तपंक्ति बीचमा परेको काँक्रो, साग आदि कुन बाबुका छोराले झिक्न सक्छ हेरौं त ? आफ्नो घाँस आफ्नै गाईलाई खुवाएर दातालाई पुण्य लाभ गराएर गाँठो बटुल्ने कोही घाँसी त काशीमा धनी भए होलान्। त्यही देखेका 'भट्टजीले बनारसको दृश्य ल्याएर तनहुँमा

Digitization by Hindu Heritage Foundation of America- HHFA(USA)

बजारको माथि पनि छिर्कनमा बसेका चहलपहल धेरै हुने सम्भावनामा वास भएन। बसस्टपमै पसलेहरूसित र बाटामा भेटिने प्रायः सबै गाउँले दाजुभाइसित मन्दिर जाने वाटो सोद्धै छु, उज्यालो मन र हलुका रुकस्याकसँग दह्रा पाइला चाल्छु तेर्छो बाटोमा।

केही वेर हिंडेपछि पुरोहित पण्डित जस्ता देखिने एकजना छाँटिला बाहुनले कहाँ जाने, किन जाने, घर कहाँ हो आदि अनेक प्रश्न पड्काउन लागे। सोझो मनको, अझ तीर्थयात्री म, केही कुरा लुकाइनँ। बीचमा डरलाग्दो जङ्गल छ, रातमा डाँका लाग्छन्, धेरै अबेला भइसक्यो, एक्लै नजानोस् भन्न लागे उनले। एक जना साथे (संगै हिंडेको आफू बराबरको साथी। हलुका झोला बोकेर, ज्याला लिई सहयात्रा गर्ने साथे) खोजिदिनुहोस्न भनी मैले अनुरोध गरें। पण्डित-जीले बाटामा भेटिएका एक-दुईजनालाई अह्राएजस्तो पनि गरे, तर उनीहरूले मानेनन्। रुकस्याक गह्रौं थिएन त्यसैले मैले उसै दिन पुग्ने आँट छाडेको थिइनँ। तर उनी रात पर्न लाग्यो, बाटामा डाँका लाग्छन्, आज मेरै घर बसौं भनी बारबार जिकिर गर्न लागे। पण्डितजी भेटिनुभन्दा पहिले पनि केही घर-मालिकहरूले जङ्गलमा बाघ र डाँकाको त्रास देखाएर आफ्नो घर राख्न नखोजेका हैनन्, तर मैले विश्वास गरेको थिइनँ र खुरुखुरु हिंडेको थिएँ। अनि त्यही कुरा पण्डितजीले दोहोऱ्याउँदा हो कि भन्ने झैं लाग्यो। अटेर गरेर हिंड्दा जङ्गलमा केही भइ पो हाल्छ कि भनेर मन दोधारे भयो। पाहुना लागेर बस्न मलाई हद अप्ठ्यारो लाग्छ। तैपनि डाँका र बाघले मलाई तर्साइहाले। मन मारेर पनि पण्डितजीको घर पाहुना लाग्न बाध्य भएँ म। बुझ्नुपर्ने घोर कलियुगमा नचिनेका मान्छेलाई वास बस्न अनुरोध कुन गृहस्थले गर्छ— भानुभक्तकी सोतिनीले मात्रै हैन घरबेटी नानीले पनि आफ्नो पोइलाई नचिनेर— आँगन, पिंढी, कोठामा वास नदिन अनेक कुरा दर्शाउँछन् र "अरूमा आए ओढ्ने ओछ्याउने, हामीलाई

Digitization by Hindu Heritage Foundation of America. HHFA(USA)

गएँ त गएँ" [illegible] ।

यस गाउँलाई घाँसी कुवा भन्दा रहेछन् । चुँदी रम्घाबाट तनहुँको सदरमुकाम दमौली पुग्ने पुरानो मूलबाटोमा पर्दोरहेछ यो । घाँस दाउरा गर्न वन जाने गाउँलेले प्यास लागेको वेला उपयुक्त ठाउँमा खोस्रेपछि पानी निस्कँदो रहेछ र यस्ता इनार जङ्गलभरि नै यत्रतत्र रहेछन् । तर घाँस वेच्ने चलन भने अहिलेमात्र हैन परापूर्वमा पनि रहेनछ । पश्चिमाञ्चलमा बाटाघाटा लागेका घोडचढीले सयस पनि सँगै लिएर हिड्छन् । सयसले मालिक र घोडा दुवैको स्याहार गर्छ । गाउँघरमा हरियो घाँस वेच्ने चलन छैन– दिए सित्तैमा दिन्छन् । हरियो घाँस नभए पराल वा कोदाको नल आदि राखिदिन्छन् निःशुल्क । सारै निर्धिनीले मात्र नल-परालको दाम लेला । घाँस काटी वेचेर आजीविका चलाउने मानिस पश्चिमाञ्चलमा त पाउन गाह्रै पर्ला- अझ भानुभक्तको समयमा । हो, भट्टजी बसेको बनारसमा गाईलाई घाँस खुवाए धर्म हुन्छ भन्ने विश्वासमा केही धर्मात्माहरूले (कुन टोलमा हो कुन्नि) घाँस किनेर गाईको अगाडि राखिदिन लाउँछन् । त्यस दाताले पिठ्यूँ फर्काउनासाथ– गाईको मुखको वुजो पनि खोसेर फेरि आफैंसित । गाई पनि तयारी पोजिशनमा हुन्छन्– हरिद्वारमा वा सूर्यचन्द्र ग्रहणको समयमा आर्यघाट, गौरीघाटमा दान हुन तयारी सिंगारिएको वाच्छी-जस्तै । जसको वाच्छी उसैसित किनेर उसैलाई दान दिने– क्या बात । शायद दानको घाँस खाने ती गाई घाँसीकै पो हुन्छन् कि ? पराईका भए मुखको वुजो किन खोस्न दिन्थे त ? असन, घरहरा, अटकोनारायण-यानकी फूलनदेवी गौमाताले कसरी क्रम्टन्छिन् आफ्नो आहारा । माताजीको दन्तपंक्ति बीचमा परेको काँक्रो, साग आदि कुन बाबुका छोराले छिक्न सक्छ हेरौं त ? आफ्नो घाँस आफ्नै गाईलाई खुवाएर दातालाई पुण्य लाभ गराएर गांठी बटुल्ने कोही घाँसी त काशीमा धनी भए होलान् । त्यही देखेका 'भट्टजीले बनारसको दृश्य ल्याएर तनहुँमा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

रोपण (ट्रान्सप्लान्ट) गरे पक्कै। आफ्ना पशुवस्तुलाई घाँस काट्न नसक्नेले प्रथमतः पशुवस्तु नै पाल्दैन। घाँस नपुग हुनेले भुइँ घाँस भएको ठाउँ वा खन्यान वर्षायाममा र हिउँदमा डाले घाँसका बोट काट्ने हक किन्ने गर्छन्। तर अरूले काटेको घाँस किन्ने गरेको थाहा छैन।

हो, मोटर-बाटो नपुग्दासम्म धरान–धनकुटा बाटोमा लेउती फेदी र मूलघाटमा घोडाको लागि घाँस किन्न पाइन्थ्यो। धनकुटामा सरकारी घोडालाई बिहान साँझ हरियो घाँस खुवाउने ठेक्का पनि कोही लिन्थे।

अनि–त्यस घाँसी-कुवामा न त्यो कुवा फेला पऱ्यो न त्यस धर्मात्मा घाँसीका वंशज। आदिकवि बाल्मीकिले क्रौञ्च वधबाट कविता प्रारम्भ गरे भने नेपालीका आदि कविलाई पनि त्यस्तै प्रेरक प्रसङ्ग दिनुपऱ्यो नि त। धन्य भट्टजीको उर्वर मस्तिष्क जसले नेपाली-साहित्य-का प्रेमीलाई धेरै वर्षसम्म भुलायो पनि र घाँसीसम्बन्धी त्यति राम्रो कविता पनि दियो। अनि धन्यवाद त्यस काँचा बुज्रुक साथीलाई पनि जसको सल्लाहले हण्डर नखुवाएको भए यी कुराको बोध मलाई हुने थिएन।

भगवतीलाई पण्डितजी बलि दिनुहुँदो रहेछ। ब्राह्मणले पनि बलि दिनुहुन्छ र भन्दा उनले झयालबाट भित्रतिर हेरेर "हाम्रा साहेबलाई माछा-मासुको छुत नगर्नु है" भनी अह्राए। पकाएको भए पो छुत हुनु। पहाडमा भनेको दिन मासु पाइन्छ र ? मलाई भुलाउने कुरा मात्रै रहेछ। फेरि म त परें गौतम अर्थात् गोतामे। गोतामकोट रुकुमका भुरे हाम्रा पुर्खा। गोतामकोट बाइसीमध्येको एउटा राज्य। त्यहाँबाट छरिएर बिस्तार बिस्तार अधिराज्यभरि फैलिएका हामी। हुम्ला मा पनि गौतम ब्राह्मण छन्। अब त गोतामकोटको हिमाल पनि गौतम हिमाल भैसक्यो। अचार्ज आचार्य भए सावाँ अक्षर पनि नचिन्ने समेत राताटिंगुली पण्डित भए, नेउपाने नवपानीय भए बजगाइँले ज्ञवाली

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

रूप धारणा गरे भने हाम्री त [illegible] भयो–
वडे बडे मैं हुँ भन्ने पण्डितको पनि शेखी झार्ने कुलचन्द्र गौतमको नेतृत्वमा । नेपालका ...... बनारस पुगेर शुक्ला भएका छन् भने कुलचन्द्र गुरुको भनाइ मानेर गौतम मात्रै भए । अनि लुम्बिनी अञ्चलमा घरवास भई एसियाका ज्योति भगवान् गौतमको सगोत्री हुँ म त ? गौतमलाई बिगार्ने र बदनाम गर्ने त दाउछोपे तिवारी (माफ गरे मेरा प्यारा तिवारी साथी भाइहरू ।) अनि हाम्रा गुल्मेली मगरहरूको एउटा उखान छ आफ्नै उच्चारण-वैशिष्टचमा "आफ्नो टाउको फुट्नासिर मीतको टाउको बेलैंसरि ।") हुन् ।

कसरी कसरी काठमाडौं र धादिङतिरका गोतामेहरू पुरेत्याइँ गर्न पुगेछन् । पुरेत भएपछि चोखनीत देखाउनै पऱ्यो । बन्न पुगे पक्का निराभिव अर्थात् शाकाहारी । अब– तिवारी भए साहु र डुलुवाहरू, पाहुना लाग्न ओस्ताद । साँझ बास बसेको घरमा माछा–मासुको गन्ध पाए र घर–मालिकले मासु खाने नखाने कुरा सोधे भने म त तिवारी हुँ भन, मासु बजाए । माछा-मासु नपाकेजस्तो लागेन भने तिवारीजीले ए म त गोतामे मासु-माछा लसपस नगर्नुहोला भन्ने । यस्ता दाउछोपे ओस्ताद तिवारी (हेन त दुर्गाप्रसाद आचार्यज्यू ? (कथाको स्रोत) ।

पाहुना लागेको लाजले संकुचित भई डराई-डराई खाएँ । पिंढीमा पल्टें । राति मङ्सीरे जाडोले कमायो, तर थप ओढ्ने माग्ने आँट आएन । येनकेन रात बितेर उज्यालो भयो ।

पण्डितजी उठेपछि बिदाबारी हुन जाँदा फेरि खानाको पैसा लिन आग्रह गरें– मानेनन् र सारै खुम्चिएर बाटो लागें । पण्डितजीका छोरीहरू मलाई बाटो देखाउनसँग लागे । अस्ति आएका पाहुनाले उनीहरूलाई चुरा लाउन भनेर चालीस रुपियाँ दिएको कुरा झिके ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

संकेत स्पष्ट थियो । मैले पनि बीस रुपियाँ दिएँ । उनीहरू केही पर पुगेपछि छुट्टिए । उल्टो छुराले मुण्डन गर्नु भनेको यो । होटेलमा वसेको भए– साहुनीलाई हम्ल्याएर थपी थपी खाना खान्थें, ओढ्ने लिन्थें । पण्डितजीले पैसा लिएको भए सात रुपियाँमा उम्किने थिएँ, तर अब तेह्र रुपियाँ जरिमाना तिरेजस्तो लाग्यो । मुख नमिठो भयो ।

जङ्गल बाक्लो र डरलाग्दो । केही पर पुगेपछि ओराली पुगनपुग आधी घण्टाको । फेदीमा खोलीको किनारमा सानो मन्दिर । खोली कलकल बगिरहेको । दुई-तीनोटा दोकान ।

आज परेको रहेछ एकादशी–बलिवर्जित दिन । पुजारी पनि जुठो –(मृत्यु आशौच–) मा परेका– किन आउँथे । नुहाईवरी पूजा-सामान दोकानबाट किन मन्दिरतर्फ लागेको त मूल ढोकामा ताल्चा लागेको ! सारै-सारै बेमोज । तर यत्रो दुख–धामा गरेर आएको म भगवतीको दर्शन नगरी फर्कनेवाला थिइन । पर्खाल चढेर भित्र पसें । भगवतीको पूजा धूपबत्ती गरें र माछालाई बदाम चढाएँ । एकादशीव्रत थियो तिनको वा मासु बाहेक केही अरू खाँदैनथे कुन्नि, बदाम खाने रुचि देखाएनन्, ओडार बाहिर निस्केनन् ।

मनकामना जस्तै छाप्दी वाराहीका पुजारी पनि मगर हुन्छन् । भेट हुन सकेन त्यसैले अरू धेरै कुरा जान्न बाँकी रह्यो । देउता सरह नै पुजिने बाम माछाको फोटो दुई-तीनवटा खिचें राम्रा आएनछन् ।

मन्दिरबाहिर निस्केर दोकानमा चिउरा-केरा दही र चिया खाएँ । चुरोट सकिएर आत्तिएको थिएँ, माँगें । ज. चु. का. को आसा, गैंडा, याक केही नाइँ । लम्जुङ र तनहुँको भित्री पर्वतीय भागमा 'पर्वत' र उसका दाजुभाइ चल्दा रहेछन् । त्यसैमा सन्तोष गरें । अनि दमौली जाने बाटो सोधें ।

मूलबाटो कतै छाड्न नपरी तेछँतेछँ एक घण्टामा मजाले

Digitization by Hindu Heritage Foundation of America, HHFA(USA)

दमौली पुगिदो रहेछ । त्यहाँ खानपीन गरेर मजुवा खैरेनीको लागि बस चढें । क्यालको सीट पाएँ । छिर्किनी वेसीमा यस्सो रोकियो । चमकदार तेर्छो त्रिपुण्ड, टलक मार्ने धोती लाएका रुमाल काँधमा राखेका पण्डितजी एउटा दोकानमा वसेर ध्यानपूर्वक ट्वेन्टीनाइनको खेल हेर्दै थिए र मजस्तै बाटो बिराउने बटुवा कुर्दै थिए । मलाई देखेनन् ।

"वडा थोथा बडा पोथा पण्डिता पगडा वडा
अक्षरं नैव जानाति ढपोरशङ्ख नमोनमः"

दोस्रो पंक्ति फेरेर पण्डितजीलाई सुहाउने गरी यसरी लेख्न मन लाग्छ

सोझा बटुवा छलति ठगराज नमोनमः"

बेला निकै बाँकी थियो मजुवा खैरेनी पुग्दा । त्यसैले त्यहाँ बस्दिनँ म । एकछिन मात्र बिसाएर भगवती मनकामनाको पाउमा निहुरिन पुग्छु त्यसै दिन साँझ । आफ्नै आमाको काखमा पल्टेजस्तो लाग्छ त्यहाँ पुग्दा ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

के निहुँ पाऊँ मनकामना जाऊँ

पहिलोपल्ट कहिले, कुन सालमा म भगवतीको दर्शन गर्न पुगें के माग्न गएँ वा मागेको के पुगेर गएँ, त्यसको सम्झना अब मलाई छैन । मलाई त त्यहाँ जाने एउटा निहुँ मात्र चाहिन्छ, मन उडिहाल्छ । हामी नेपाली मातृपूजक हौं, शक्तिका आराधका हौं । शक्ति नै माता भगवती हुन्, सर्वाराध्या, सृष्टिस्थितिसंहारकारिणी, महाकाली, महालक्ष्मी, महासरस्वती । सारा ब्रह्माण्ड नै उनको रूप हो– समग्र सृष्टि गृह, नक्षत्र, तारा, कोटि कोटि सौरमण्डल र ब्रह्माण्डमा उनै व्याप्त छन् ।

"एकैवाहं जगत्यत्त्र द्वितीया का ममापरा"

भगवती महालक्ष्मीका हजारौं रूप, लाखौं नाम छन् । जुनसुकै नामले जुनसुकै रूपको पूजा गर्नोस्– भगवती प्रसन्न हुन्छिन्–

"तामुपैहि महाराज शरणं परमेश्वरीम् ।
आराधिता सैव नृणां भोगस्वर्गापवर्गदा ।"

मर्त्यलोकमा सफलताको इच्छा, स्वर्गको चाहना वा मुक्ति-कामना जे लिएर भगवतीको पाउ पर्नोस् तपाईंको इच्छा पूरा हुन्छ । उनी राजा सुरथलाई त्यस जन्ममा हारेको राज्य शत्रुबाट फिर्ता लिएर

Digitization by Hindu Heritage Foundation of America, HHFA(USA)

आजीवन [illegible] सावर्णि मनुपनि बनाउन सक्छिन् भने धनलुब्ध सन्तानद्वारा घरबाहिर निकालिएको समाधि–वैश्यलाई मोक्षप्रद ज्ञान पनि दिन्छिन् ।

जे कामनाले, जे इच्छाले भगवतीलाई पुकार्नोस् शरणागत–वत्सलामाता आफ्ना भक्तको उद्धार गर्न सदा तत्पर हुन्छिन् । जस्तै आपतमा परे पनि आर्त मनले गुहार्नोस् तपाइँको प्रार्थना निरर्थक जाँदैन ।

"अरण्ये प्रान्तरे वापि दावाग्नि परिवारित: ।
दस्युभिर्वा वृत: शून्ये वने वा वनहस्तिभि: ।।
राज्ञा क्रुध्देन चाज्ञप्तो वध्यो वन्धगतोपिवा
आधूर्णितो वा वातेन स्थित: पोते महार्णवे ।
पतत्मुचापि शस्त्रेषु संग्रामे भृशदारुणे ।।
सर्वाबाधासु घोरासु वेदनाभ्यर्दितोपिवा ।
स्मरन्ममैतच्चरितं नरो मुच्येत संकटात् ।।
मम प्रभावार्तिसहाद्या दस्यवो वैरिणस्तथा ।
दूरादेव पलायन्ते स्मरतश्चरित मम ।।"

साँच्चै हो– आपद्-विपत्मा म जहाँबाट आर्तपुकारा गरूँ, रोऊँ मनकामना आमा सधैं मेरो शरण लिन्छिन् । खप्तड जाँदा गुडगुडे ओडारको त्यस अन्तिम अवस्थामा, यस जुनीलाई यत्तिकै रहेछ भन्ने वेलामा मेरो पुकार आमाको कानमा पुगेकै हो ।

माता भवानीप्रतिको यो आस्था मेरो बुवा प्रात:स्मरणीय स्व. पं. वामदेवज्यूले उब्जाइदिनुभएको हो । मेरो बाल्यकालको एउटा घटना सुनाऊँ है त ?

आमाको दूध चुस्न छाडेको एक-दुई वर्षपछि (मेरो भाइ गोपाल साढे तीन वर्षले मभन्दा कान्छो छ । ल भन्नुस् दूध पिउने कति वर्ष मेरा भाग पऱ्यो ?) बुवाको साथमा मामाको वुई चढी देहरादून

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
लागेको हुँ म । ढाँट्ने कुरा के छ र लाहुरेको छोरो हुँ म । उहाँ नाइन गोर्खा ट्रेनिङ सेन्टरमा मूल पुरोहित हुनुहुन्थ्यो । नाइन गोर्खालाई त्यति खेर अंग्रेजहरू, क्षेत्री ठकुरीको पल्टन (Brahminical Regiments) भन्थे । पछि थर्ड गोर्खा जोडिएर थर्टी नाइन गोर्खा ट्रेनिङ सेन्टर भयो ।

बुवा भगवतीका परमभक्त हुनुहुन्थ्यो । त्यसमा पनि सन्तोला-देवीका विशिष्ट । सन्तोला भगवतीको मन्दिर थर्ड गोर्खा ट्रेनिङ सेन्टर बसेको घंगोडापरिको गाउँ जोइतनवालाबाट पनि दुई घण्टा परको डाँडाको टाकुरामा थियो । केही आपत् पऱ्यो कि बुवाले हातमा जल लिएर सङ्कल्प गरिहाल्ने । सन्तोलादेवीले पनि भाकल पूरा गरिदिने तर भक्तले आफूले भाकलअनुसारको पूजा गर्न बिर्स्यो भने वा ढिला मात्र गऱ्यो भने रूपमतीको छविलाललाई उधारो दिने पठानले हुर्मत लिए-जस्तै गर्ने । एकचोटि बुवाले भाकल गरी पछि पूजा गर्न बिर्सिनुभएछ । म त्यतिखेर सात-आठ वर्षको (ठीक याद रहेन) साह्रै चकचके र बिठ्याहा केटो थिएँ (अहिले पनि परपर नबोली वा केही नगरी कहाँ बस्न सक्छु र ? केटौले बानी अझै कहाँ गएको छ र ? मैसंग जाला । अनि मेरो यो थुतुनो ? यसले गर्दा त खानु हन्डर खाएको छु ।) मँ त, चकचके केटो जेठको मध्याह्नमा पौडी खेल्दा बिरामी भयो– ज्वरले चतुर्थावस्थामा पुऱ्यायो । ओखतीमूलो लागेन । अस्पताल लगेको डाक्टरले भात पल्टेपछि ल्याउँछस्, केही गर्न सक्दिनँ भनेर फिर्ता गऱ्यो । मेरो मानो सकिएको मान्नुपरेन त ? अनि मैरी– (हामी पश्चिमा तुलसी मठलाई मैरी भन्छौं)– मा ल्याएर घाँटीमा रुद्राक्षमाला लाइदिएर भगवद्गता, विष्णुसहस्रनाम जप्न लागिएछ । यत्तिकैमा, कताबाट एउटा धामी टुप्लुक्क आएर मेरो नाडी छामेछ । नाडीबाट उसले केही लागेको शङ्का गरी निक्यौल गर्न अछेता मागेछ । आखत हेर्दा उसले सन्तोलादेवी लागेको खुट्टचाएर कतै भाकल अनुसारको पूजा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
गर्न बाँकी त छैन भनी सोधेछ । बल्ल बाबालाई आफ्नो कबोल-अनुसारको गर्न बाँकी पूजाको सम्झना भएछ र फेरि सङ्कल्प गर्नुभएछ । पाइला चालिसकेको म फर्केछु । निको भएपछि मेरो नामबाट गरिएको पूजा सम्झन्छु ।

सन्तोलादेवी नेपालीकै देउता त हुन् हुन्, आफै पनि नेपाली नागरिक हुन् । भाकल त जसको पनि पूरा गर्छिन् । जनश्रुतिले के भन्छ भने– मुगल बादशाह औरङ्गजेबका सिपाहीहरूले बलजफ्ती गर्ने मनशायले लखेटेका दुईवटा नेपाली कन्या आफ्नो धर्म जोगाउन पहरो-बाट हामफालेर पछि देवीरूपमा प्रकट भए रे ? जसलाई जे चाहिन्छ उही दिन्छिन्– तर सन्तान माग्ने धेरै हुन्छन् ।

देहरादूनमा रहेका गोर्खाली पल्टनहरूमा अलिखित के नियम थियो भने– पल्टनका कुनै दर्जाले पनि शनिवार वा मङ्गलवार सन्तोलादेवीको पूजा गर्न जान बिदा माग्यो भने बिदा दिनैपर्ने । यस परम्पराको कारणरूप एउटा कथा छ–

एकपल्ट एउटा गोर्खाली सिपाहीले पूजा गर्न बिदा मागेछ । उसको पेशी अंग्रेज कर्णेलकहाँ भएछ । बिदा किन चाहियो भनी सोध्दा "छोरो मागेको थिएँ, पाएँ, अब पूजा गर्न जान्छु" भनेछ । "छोरो माग्दै-मा कहीं पाइन्छ, नचाहिने कुरा" भनेछ कर्णेलले । "भाकल गरी त हेर्नोस्" भनेर सिपाहीले सुन्याएछ । कर्णेलले सुबेदार मेजरलाई बोलाएर हो कि हैन भनी सोद्धा सुबेदार मेजरले एक-दुई अरू उदाहरण दिएर सिपाहीको कुराको पुस्टयाइँ गरेछ । अनि कर्णेललाई हेरौं न त भनेर सुर चढेछ र नपत्याई-नपत्याई, तर विधि पुन्याएर भाकल गरेछ । नभन्दै वर्ष दिनभित्र उसलाई छोरै जन्मेछ । त्यसपछि सन्तोलादेवीको पूजा गर्न मङ्गलवार वा शनिवार बिदा माग्नेलाई बिदा छाड्ने परम्परा बस्यो । गोर्खाली, देशी, गढवाली, सबैकी आराध्या छन् यी । पुजारी पनि गढवाली हुन्छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

अस्तु– मनकामनाभगवतीको कुराको लहरोबाट अर्थात् गोर्खाबाट अर्कैसम्म पनि जुँगा निमोठेर र छाती फुकाएर विदेशी बहादुर जातिकै मुखेन्जि पनि ठाडो उभिन सक्ने जाति गोरखाली र वीर बलभद्रको रणभूमि, अंग्रेजहरूले गोर्खाली मृत्युञ्जयितालाई श्रद्धा-सुमन चढाएको ठाउँ– गोर्खालीलाई गर्वसाथ गोर्खाली भन्न पाउने भूमि देहरादूनतिर म पुगें भने पनि दुइटा गोर्खाली विराङ्गना, जो भगवतीको सायुज्य पाएर भगवती नै हुन गए, को पाउमा श्रद्धा पोख्न पाउँछु भने पाठक ! तपाइँ मसँग मिसिनुहोस् मेरो श्रद्धामा–

स्तुता सम्पूजिता पुष्पैर्धूपगन्धादिभिस्तथा
ददाति वित्तं पुत्रांश्च मतिं धर्मे गतिं शुभाम् ।

परमेश्वरी भगवतीमा त्यति सानैदेखि लागेको टक र श्रद्धा पछिपछि झन्झन् मौलाउँदै र फस्टाउँदै गएको छ। कहिले भगवती मनकामनाले बोलाउँछिन्, कहिले आफ्नो मर्जीले जान्छु । फेदीबाट मन्दिरसम्म पुग्न कहिले दुई घण्टामा समर्थ कहिले पाँच घण्टा लगाउँछु। पुग्नु त हो ।

पुजारी मगर छन् । तान्त्रिक पद्धतिले पूजा हुन्छ । बलि-सहित पनि, पत्र-पुष्पादिमात्रले पनि ।

मनकामना मन्दिरभन्दा केही माथि बागीश्वर महादेवको मन्दिर छ– तीनचारोटा रूखको बीचमा विशाल शिला छन् । सही अर्थमा यी वागीश्वर हुन् । बोली फुट्ने वेला भएको बच्चो निःशब्द लाटो रहन गएमा वागीश्वरको भाकल गर्छन् । निलो नफुटे पनि यिनको गुहार हुन्छ । म जांदा एक मगर-दम्पती भाले लिएर पूजा गर्न आएका थिए, लाटो छोराको बोली फुटेपछि भाकल पूरा गर्न । शीवजी-लाई बलि त्यो पनि घ्डीचराको ? लड्डू आदि मिठाई र जामुनो, कपित्थ आदि फल मात्र खाने शाकाहारी मानिएका गणेशले काठमाडौंमा बोकालाई लड्डू भनेर र अण्डालाई फलफुलभित्र पारेर बजाउँछन् भने

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

उनका बुवा महादेव त श्मशानवासी गाँजा, भाङ, धतुरोको लागि बदनाम रहेका विषपायी दिगम्बर । अनि त्यस्तो, ओत नभएको चिसो ठाउँमा लगलगी कामेर बसेका स्वयम्भू महादेवले कुखुराको भाले दनक दिएर केही अकर्तव्य गरेको भन्न मिल्छ र ? एक दुई तीन मिल्दैन । यस्ता कुरा मनमा आए पनि सत्य कुरा चाहिं यी होइनन् । तान्त्रिक विधि वा पद्धतिले यस्तो गराएको हो । निर्विकार ईश्वरलाई श्रद्धा स्वीकार्य भएको मात्र हो, पदार्थसित उहाँलाई के मतलब ?

लम्जुङ हिमाललाई आँखाभरि साँचेर ओरालो लागेपछि भगवतीको फेरि दर्शन गर्दै "फेरि बोलाए है आमा !" भन्दै होटेलबाट रुकस्याक टिपेर टाप कसेको म उकालीको थालनीको त्यस चोपारीमा केही छिन आउँछु जहाँबाट पृथ्वी राजमार्ग-र गोरखा-नारायणघाटमार्ग अनि सोझो दरौंदी र नागबेली परेको मर्स्याङ्दीले सिमाना लाएको मजुवा खँरेनी सारै राम्रो देखिन्छ ।

तीनवटा चारवटासम्म पाली हालेका प्यागोडा शैलीका घर-हरू वरिपरि र बीचमा सबैका साझा आँगन भएका गाउँले घरहरूले प्यागोडा शैली नेपालको निजी, जिउँदो भवन-निर्माण-शैली (स्थापत्य) हो भन्ने प्रमाणित गर्छन् भने मन्दिरमुनिका घरहरूको गाराको बीच-बीचमा लामा-लामा चुन ढुङ्गा तेठ्र्याएर भुइँचालाको कम्पन फैलिन नदिने उपाय गरिएका घरले पनि हेरी राखौं जस्तो पार्छन् यहाँ । अनि हाम्रा पिंडौलाभन्दा दोब्बर मोटा पाखुरी भएका, मर्दाना धोतीलाई कछाडजस्तो गरी बेह्रेर त्यसमाथि डमरुको चौडा पेटी बाँध्ने मिजा-सिला गोर्खाली ठिटाहरूलाई पनि फर्की-फर्की हेर्न जान मन लाग्छ ।

तर अहिले त म भगवतीकै निम्तो पर्खेर बसेको छु । जहिले 'आ' भन्लिन् तहिले जाउँला । नत्र भने ....

G-NO 804

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)